राष्ट्रिय साप्ताहिक

# जनजिब्रो

Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञानवर्द्धक सामग्रीका लागि
newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– २७, अङ्क– ३८, वैशाख २३ गते शुक्रबार, २०७९ (06 May, 2022) | www.janajibro.com | मूल्य रू. १०।-

# मिल्यो भागबन्डा : 'आपसमा मिले सबै संकट टर्छ'

## बागी फिर्ता गर्ने गठबन्धनको निर्णय, एमालेसँगका सबै तालमेल तोडिने

■ जनजिब्रो संवाददाता




**काठमाडौं र** आसन्न स्थानीय तहको निर्वाचनमा देशव्यापी रूपमा गठबन्ध तालमेल सहमतिमै चुनावमा जाने भएपछि एमालेसँगको तामलमेल खारेज गरिने भएको छ र नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी (जसपा) र राष्ट्रिय जनमोर्चा आबद्ध सत्तापक्षीय गठबन्धनका तर्फबाट निर्वाचनमा कहाँ-कहाँ, को-को 'साझा उम्मेदवार' का रूपमा खडा गरिए भन्ने आम जिज्ञासाको पल समाप्त भएको छ र गठबन्धनका शीर्ष नेताहरूका बुधबार बसेको बैठकले भने गठबन्धन बाहेकका दलसँग कुनै पनि तहमा तालमेल नगर्ने र तालमेलमै उम्मेदवारी दर्ता गरिएका ठाउँहरूमा समेत त्यस्तो गठबन्धन सम्बन्धित दलले अविलम्ब खारेज गर्ने निर्णय गरेको छ। एकाध ठाउँमा कांग्रेस र एमालेबीच तालमेल भएको र एकीकृत समाजवादीले समेत एमालेसँग तालमेल पाइको नेताहरूकै भनाइ छ।

त्यसरी तालमेल खारेज भएपछि गठबन्धनकै दलभित्रका अन्य उम्मेदवारलाई समर्थन गरेर चुनावमा जाने निर्णय शीर्ष नेताहरूले लिएका छन्। सोही क्रममा गठबन्धनको निर्णयविपरीत दर्ता भएका बागी उम्मेदवारी पनि तत्काल फिर्ता लिने सहमति शीर्ष नेताहरूबीच भएको छ।

महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकाम गठबन्धनले गरेकाा सिट बाँडफाँडको सहमतिविपरीत गठबन्धनभित्रैका दल तथा उम्मेदवारहरूका तर्फबाट भएको उम्मेदवारी फिर्ता लिन कांग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवाली, जनता समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चाका शीर्ष नेता सहमत भएका हुन्।

विषेगरी बढी नै चासो विषय बन्दै आएको ६ मध्ये कुन-कुन महानगरपालिकाको मेयर पदमा गठबन्धनबाट को-को उम्मेदवार बने भन्नेमा सबैको ध्यानाकर्ष भइरहेको विषय भएको छ। देशका ६

क्रमशः अन्तिम पृष्ठमा

# विप्लव नेकपा दुईटुक्रा, हेमन्त-धर्मेन्द्रमाथि 'कारबाही'



**काठमाडौं।** आसन्न स्थानीय तहको चुनावको मिति नजिकँदै गर्दा ठूला-साना दलहरू त्यसको तयारीमा जुटिरहेको यतिबेला नेपाल कम्युनिस्ट पार्टी (विप्लव समूह) का महासचिव नेत्रविक्रम चन्द्र 'विप्लव' ले सो पार्टीका दुई शीर्ष नेताहरूमाथि 'कारबाही' गरेका छन्। बुधबार विज्ञप्ति निकाल्दै विप्लवले दुई नेतालाई 'अनिश्चितकालसम्मका लागि सम्पूर्ण जिम्मेवारीवारीबाट मुक्त गरिएको'दावी गरेका छन्।

नेकपाको पछिल्लो केन्द्रीय समितिको बैठकमा विप्लवद्वारा प्रस्तुत राजनीतिक प्रतिवेदनमा उल्लेखित 'ससदीय संविधान स्वीकार्दै दल दर्ता गरेर चुनावमा सहभागी हुने' प्रस्ताव करिव दुईतिहाईबाट अस्वीकृत भएको थियो। त्यसैबेला विभाजनको डिलमा पुगेको सो पार्टी बहुमत पक्षको विवेकपूर्ण पहलका कारण जेगिएको थियो। आफ्नो प्रस्ताव लज्जास्पद ढंगले अस्वीकृत हुँदा समेत प्रस्तावबाट पछि हटेर निर्लज्ज किसिमले नेतृत्वमै टाँसिइरहेकाा विप्लव र उनका समर्थकहरूले सो निर्णयको मसी सुक्न नपाउँदै पार्टीका निर्णय,

क्रमशः अन्तिम पृष्ठमा

# 'चीलको टापु' लङ्काबी आइल्याण्ड



भ्रमण-नियात्रा

डा. डीबी सुनुवार

मले भाषामा 'लङ्काबी' शब्दको अर्थ हुन्छ- चीलको टापु। मलेसियाको लङ्काबीमा चील बास बस्ने वन छ। त्यसैले यस ठाउँको नाम नै लङ्काबी रहन गएको पाइन्छ।

लङ्काबी टापुको सामुद्रिक किनारमा उडिरहेको चीलको ठूलो स्तम्भ बनाइएको छ। चीलकै प्रतीकका रूपमा बनाइएको हो यो 'लङ्काबी स्ट्याचु'।

लङ्काबी पुगिसकेपछि चीलको स्तम्भलाई पृष्ठभूमि बनाएर फोटो खिँच्न किन छुटाइन्थ्यो र ! फोटो त खिँच्नै पऱ्यो, खिँचियो।

यो आइल्याण्ड ड्युटी फ्री हो। त्यसैले यहाँ कुनै पनि पेय पदार्थहरूको कर तिर्नु पर्दैन। मलेसियामा विनाकर जुवा खेल्न पाइने र विनाकर नै अल्कोहल सेवन गर्न पाइने ठाउँहरू धेरै छन्।

सिङ्गापुरको चाङ्गी एयरपोर्टबाट लङ्काबी आइपुगियो। घुमघाममा व्यस्त छौं हामी। यतिबेला हामी समुद्री किनारदेखि पहाडसम्म फैलिएको पाँचतारे रिसोर्ट 'बरजाया' होटलमा छौं।

ओहो ! यहाँका वन-पखाको कति राम्रो सदुपयोग। क्या गजबका संरचना बनाइएका छन् वनभित्र; तर वनको विनासविनै ।

तीनदिने लङ्काबी यात्रा तय भएको छ। पर्यटकले खचाखच छ यो सहर। मुस्लिम समुदायका पर्यटक बढी देखिन्छन्। गाइड स्माइलले यस आइल्याण्डबारे जानकारी दिँदैछन् हामीलाई।

लङ्काबी आइल्याण्ड केदाह स्टेटअन्तर्गत पर्ने एउटा नगर हो। यो सहरलाई 'सिटी अफ टुरिज्म' भनेर पनि चिनिन्छ। यो आइल्याण्डमा करिव पैंसट्ठी हजार मानिसको बसोवास छ।

यहाँ बढीजसो दक्षिण-पूर्वी एसिया भ्रमण गर्ने पर्यटकहरू आउँछन्। लङ्काबीपछि

क्रमशःदोस्रो पृष्ठमा

विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरुका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरुकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। -लेनिन

जनजिब्रो साप्ताहिक
वर्ष- २७, अङ्क- ३८, वैशाख २३ गते शुक्रबार, २०७९

## सम्पादकीय

# गठबन्धनभित्रको सकस र एमालेको छटपटी

प्रमुख प्रतिपक्षी नेकपा (एमाले) ले प्रतिगामी-पुनरुत्थानवादी शक्ति र तत्त्व- राजेन्द्र लिङ्देन नेतृत्वको राप्रपा र कमल थापा नेतृत्वको राप्रपा नेपाल एवम् वैदेशिक प्रतिक्रियावादीहरूका नाङ्गा चाटुकार- महन्थ ठाकुर-राजेन्द्र महतो नेतृत्वको लोसपा तथा एकनाथ ढकाल नेतृत्वको परिवार दलसहितका राजनीतिक प्रभावशून्य दसवटा समूहसँग गठबन्धन गरेर आसन्न स्थानीय तहको चुनावमा विगतको वर्चश्व कायम राख्ने प्रयत्न गरिरहेको छ। यद्यपि एमालेले कमल थापा समूहलाई समेट्ने भएपछि राजेन्द्र लिङ्देन समूह बिच्किएको छ।

उता सत्ता गठबन्धन अर्थात् नेपाली काङ्ग्रेस, माओवादी केन्द्र, नेकपा (एकीकृत समाजवादी), जसपा र राजमो गरी पाँचवटा घटकहरूबीचको गठबन्धन भने दिनप्रतिदिन कसिलो बन्दै गइरहेको देखिएको छ। विगतमा ठूलो र बलियो दलका रूपमा स्थापित भए तापनि यसबीच उसले गरेका अनेकौं राष्ट्र, जनता र आफ्नै सहयोद्धा-सहकर्मीहरू समेतको विरुद्धका अनेकौं उटपट्याङपूर्ण र बहुलट्ठीपूर्ण हर्कतहरूका कारण निकै कमजोर बनिसकेको र गठबन्धन पनि हास्यास्पद ढङ्गको मात्रै भएका कारण अबको चुनावबाट एमालेले विगतको शक्ति र प्रभाव आर्जन गर्न सक्ने कुनै पनि सम्भावना देखिएको छेन।

उसो त पाँचदलीय गठबन्धनभित्र पनि आमसहमति, सहज मतैक्यता र केन्द्रीय नेतृत्वको निर्णयअनुरूप मतदानको सुनिश्चितता देखिइसकेको छैन। एक्लै चुनाव लड्दा समेत आधाजसो स्थानमा 'बागी' उठ्ने काङ्ग्रेसी 'परम्परा' का बीच झन् पाँच-पाँचवटा दलहरूका बीच स्थान र शक्ति बाँडफाँटको कुरा त्यति सहज छैन। अझ अनेकौं उल्झनका बीच भर्खरै गठन भएको पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल नेतृत्वको एकीकृत समाजवादीले गरिरहेको प्रभावको दावी र अरुहरूले गरिरहेको स्वीकारोक्तिमा आनाकानीले समस्या जटिल नै हुने देखिएको छ।

## चीलको...

आइल्याण्डको उत्तर-पश्चिम भागमा अवस्थित छ 'पाडाङ्ग मातसियत' भन्ने ठाउँ। अबको यात्रा तय भएको छ त्यतै।

लङ्काबी यही विमानस्थल हो, जहाँबाट प्रायः संसारभरकै पर्यटकहरू यो राष्ट्रमा भित्रन्छन्। केदाह पेनाङ र फुकेतका पर्यटक भने 'फेरी' भनिने सानो आकारको पानीजहाजबाट पनि पुग्न सक्दछन्।

लङ्काबीमा पर्यटकको आकर्षणका केन्द्र भने इगल स्क्वायर, ओरियन्टल भिलेज, केबल कार, ह्याङ्गिङ ब्रिज, तेलागा तुजुह फल्स, लेजेन्ड गार्डेन, अन्डर वाटर वर्ल्ड, गेलेरिया पेरदाना, कोकोबिच, क्रोकोडायल एडभेन्चर ल्याण्ड आदि हुन्। पर्यटकहरूलाई यहाँ आकर्षित गर्नका निम्ति बिच भलिवल, फुटबल, बोट रेसिङ, नेचर वाक्, वाटर स्पोर्ट, गल्फ, इगल फिडिङ इत्यादि 'प्याकेज टुर' को व्यवस्था मिलाइएको हुन्छ।

यहाँ आइल्यान्ड होपिङ टुर, बर्ड वाचिङ टुर, मेरिनाज साइट सिइङ टुर, जङ्गल ट्रेकिङ इन रेन फरेस्ट, हेलिकप्टर जोयराइड, जेट स्की सफारी टुर, सनराइज भ्युलगायतका आकर्षक कार्यक्रमहरू आयोजना गर्ने गरिएको छ। यो आइल्यान्डैभरि नै रेस्टुरेन्ट, बार, लन्ज, नाइट क्लब, डिस्को थेक, क्यासिनो, सिनेमा र सर्कसजस्ता अनेकौं मनोरञ्जनका सुविधाहरू उपलब्ध छन्।

यहाँ मेगा मल, द जोन जस्ता ड्युटी फ्री सपिङ कम्प्लेक्सहरू छन्। संसारभरिबाट लङ्काबीमा ओइरिएका हरेक पर्यटकहरूलाई आ-आफ्नै रुचिअनुसार मनोरञ्जन गर्ने व्यवस्था सरकारले नै मिलाइदिएको छ।

ओहो ! मलेसियाको दृश्यावलोकन त अझै बाँकी नै छ।

तर, यसपालिको यात्रा भने छोट्याउँदै फर्कनु छ। नेपाल फर्कने तयारी भयो। त्यसैकारण लङ्काबी एरपोर्टबाट ग्यान्तिङ हाइल्याण्डतर्फको यात्रा सुरु गरियो।

ग्यान्तिङ हाइल्याड जान गाइड र गाडीले बाहिरै पर्खिरहेका छन्।

हामी सिधै होटलतर्फ लाग्छौं।

बरजया होटल रिसोर्ट यस आइल्याण्डकै सबैभन्दा ठूलो होटल हो। यहाँ स्वीट रूम नै साढे तीन सयभन्दा बढी छन्। रेस्टुरेन्ट-बारका आउटलेटहरू त कति हुन्, कति ! आइल्याण्डका निकै महँगा होटल छन् यहाँ। मलेसियास्थित 'चीलको टापु' मा आएर इगल स्क्वायरमा पुग्दा चीलसम्बन्धी एउटा कथा याद आयो।

चीलको औसत आयु करिव सत्तरी वर्ष मानिन्छ। चीलको जीवनले आधा उमेरसम्म निकै कठिन चुनौतीको सामना गर्छ। धेरैजसो चीलहरू त सङ्घर्ष गर्दागर्दै मर्छन्। तर, कठिन सङ्घर्ष पार गर्न सक्ने चीलहरू भने बाँकी सम्पूर्ण जीवन शानदार ढङ्गले बिताउन समर्थ हुन्छन्।

चील जब चालीसौं वर्षमा पुग्दछ तब उसलाई एक प्रकारको बुढ्यौली र अशक्तताले छुन्छ।

खुट्टाका नङ्ग्राहरूले कुनै कुरा पनि समात्न सक्दैनन्। चुच्चोको ठुँडले कोर्तन र चुच्चाले च्याप्न पनि सक्दैन। बाक्ला हुँदै गएका प्वाँखहरू, भारी बन्दै गएका पखेटाहरू र अरट्ठ परेको छातीले केही पनि गर्न सकेका हुँदैनन्।

यतिबेला चीलका सामु केवल दुई उपायहरू मात्र बाँकी रहन्छन्। पहिलो उपाय हुन्छ- रूखमा ठोकिएर या पहाडमा बजारिएर वा पानीमा डुबेर या आगोमा हाम्फालेर मर्ने; अनि दोस्रो उपाय- पाँच महिनासम्म कठिन प्राकृतिक प्रक्रियाबाट गुज्रेर नयाँ जीवन प्राप्त गर्ने। दोस्रो उपायका निम्ति भने निकै पीडादायी जीवन भोगेर नङ्ग्रा र चुच्चालाई पहाडमा उधिन्नु, कोतर्नु तथा चुच्चा र नङ्ग्रालाई फुकाल्नुपर्ने हुन्छ। नयाँ नङ्ग्रा र चुच्चा पलाउन चीलले पाँच महिना कुर्नपर्छ र पुराना प्वाँखहरूलाई उखेलेर हटाउनुको दर्दनाक पीडा समेत सहनुपर्छ।

पाँच महिनापछि नयाँ नङ्ग्राहरू पलाउन थाल्छन्। नयाँ चुच्चाको विकास हुन्छ र नयाँ प्वाखहरू उम्रन थाल्छन्। त्यसपछि चीलले पुनर्जीवन पाउँछ। आफूले नयाँ जीवन पाएको खुशीयालीमा चीलले शानदार ढङ्गबाट आकासमा निकै उचाइको उडान भर्छ। र, चीलले त्यसपछिको बाँकी उमेर (करिव तीस वर्ष) भने पक्षीहरूमध्यकै उच्च कोटीको प्राणी भएर बाँच्दछ।

पछिल्लो जीवन-अवधिमा चीललाई खासै ठूलो कठिनाइ पर्दैन। बाँकी उमेरमा उसलाई केहीले पनि खासै बिगार गर्न सक्दैन।

चीलको जस्तै मानिसको जीवनमा पनि कठिनाइहरू आउँछन्। समयसापेक्ष परिवर्तन आउनुअघि पुरानो विचार, पुरानै बानी-व्यवहार र पुराना संस्कार-संस्कृति चुनौती बनेर खडा हुन्छन्। बाँच्नका लागि पनि धेरै समस्याहरूको सामना गर्नुपर्ने हुन्छ।

अतः हामीले पनि चीलको जीवनबाट सिकेर सङ्घर्षका दिनहरूमा धैर्य र साहसका साथ जिउनु र जित्नुपर्ने हुन्छ। यसो गर्न सकेमा चीलको पछिल्लो तीसवर्षे उमेरमा जस्तै मान्छेको पनि विजयी उमेर प्राप्त हुन्छ र त्यसलाई सफल, सार्थक एवम् आनन्दमयी बनाउन सकिन्छ।

प्रसङ्ग जोडौं यात्राकै। बरजाया समुद्रको किनारमा अवस्थित छ यतिबेला हामी रहेको होटल। पहाडी जङ्गलमा अवस्थित यस रिसोर्टमा पाँचतारे होटलका सुविधाहरू उपलब्ध छन्। लङ्काबीमा बरजाया होटलले उपलब्ध गराएको स्पाको अनुभव लिइयो। प्राकृतिक चिकित्सामा स्पाको ठूलो महत्त्व छ। रोप-वेमा चढेर यहाँको सबैभन्दा अग्लो पहाडमा अवस्थित एशियाकै सबैभन्दा अग्लो र अनौठो 'बाटु बुन्डोक' पुलमा पुगियो। यहाँ अन्तर्राष्ट्रिय फिल्महरूको छायाङ्कन हुँदै रहेछ। यहाँबाट थाइल्याण्डका धेरै ठाउँहरू देख्न सकिन्छ।

समुद्रदेखि पहाडसम्म, यस टापुका सबै कुना-काप्चाको भ्रमण सकेर केदाह फार्म भिजिटका लागि फेरि सानो जहाज चढियो। र, सोही यात्राका क्रममा मलेसियास्थित मेनल्याण्ड पुगियो।

कम्पनीले संसारभरिका लिडरहरूलाई बनाएको रिचमोण्ड भिल्ला र स्टारगेट कोलोनीको भ्रमण पनि हाम्रो प्याकेजमा विशेषरूपले समावेश छ। आ-आफ्ना 'ड्रिम होम' रोजिएका छन्। केदाहको फार्म भिजिट सकिएपछि सोही दिन एशियाकै सबभन्दा लामो मानिने केदाह प्रान्तको सुन्दर टापु 'पिनाङ' पुगियो।

पिनाङमा धेरै नेपालीहरू काम गर्दा रहेछन्।

यो सुन्दर सहरमा नेपाली साथीहरू थुप्रै भेटिए।

समूह-समूहमा बाँडिएर पेनाङको सिटी टुर गरियो।

त्यहाँबाट फर्कने क्रममा एक रात सिङ्गापुरको चाँगी एयरपोर्टभित्रको होटलमा बित्यो।

त्यसपछि यो यात्रा टुङ्ग्याउँदै तयार भइयो काठमाडौं उडानका लागि। र, अन्ततः ल्याण्ड भइयो काठमाडौंमा। *(होलिस्टिकबाट)*

## विप्लव...

समयअनुसार बाटो नलिएकाले क्रान्ति सम्पन्न हुन नसकेको निष्कर्ष निकालेका छन् र लेनिन र माओको बाटोलाई खारेज गरेका छन्। पार्टीको वैधानिक प्रकाशन 'एकीकृत आवाज २०७३, माघ, पृ. ५ मा उनले भनेका छन्: 'लेनिनको तरिकाले विद्रोह सम्भव देखिँदैन, माओको तरिकाले जनयुद्ध , त्यो पनि सम्भव देखिएन, सजिलै भनिदिउँ, त्यो पनि भएन, यसको बहस हुँदैजाँदा हामीले उपाय निकाल्दै संश्लेषण गर्यो- 'एककिृत क्रान्ति'। यही कुरा दस्तावेजमा पनि भनिएको छ। दस्तावेजमा ठाउँठाउँमा नेपालको माओवादी आन्दोलन असफल भएको, पराजित भएको भनेर उल्लेख गरेका छन्। वास्तवमा नेपालको माओवादी आन्दोलन पराजित भएको पनि होइन, असफल भएको पनि होइन, यसले धक्का खाएको हो, हारेको होइन, असफल होइन, माओवाद असान्दर्भिक भएर पनि होइन, गलत भएर पनि होइन। यो नेतृत्व तहबाट गरिएको आत्मसमर्पणको उपज हो। बाह्य शक्तिको कारिन्दा बनेर यसलाई असफल बनाइको हो। अलि पछि गएर विप्लवले जनयुद्ध नै बेठीक भएकाले त्यो असफल भयो भने पनि आश्चर्य मान्नु पर्ने छैन। उनले यस किसिमको भाव पार्टी मुखपत्र 'जनक्रान्ति' मा व्यक्त गरिसकेका पनि छन्।

३. पार्टी फुट हुँदाको दस्तावेजमा विप्लवले पेरिस कम्युनदेखिको माओसम्मको समग्र इतिहास खारेज गरेका थिए। त्यसमा उनले नयाँ जनवादी क्रान्तिको आवश्यकता र सन्दर्भको कतै उल्लेख गरेका थिएनन्। यसलाई लिएर उनले 'उत्तर-माओवाद' को वकालत गरेको भनिएको थियो र यो सही पनि थियो।

अहिले त्यसरी ठाडै नभने पनि सारतत्त्व उही छ। वास्तवमा माओवादले देखाएको बाटोबाट क्रान्ति नहुने भएपछि नेपाली क्रान्तिको न्युनतम कार्यक्रम नयाँ जनवादी क्रान्ति नहुनु स्वाभाविक थियो। शब्दजाल मार्फत केही भ्रम दिन खोजे पनि विप्वलले नेपालमा नयाँ जनवादी कार्यक्रम असान्दर्भिक भनेर घोषणा गरेका छन्। पत्रिका 'एकीकृत आवाज' मा उनी भन्छन्: 'नेपाली क्रान्तिको राजनीतिक क्रार्यक्रम पनि नोलो जनवादी मात्र भनेर हुँदैन। यसको अर्थ हो, राजनीतिक कार्यक्रमलाई माथि उठाउनु। त्यसो गर्दा नेपाली राजनीतिक कार्यक्रम नयाँ जनवादसहित वैज्ञानिक समाजवादी हुनु सही हुन्छ।'

सरसरती हेर्दा यो भनाइ सारसंग्रहवाद जस्तो देखिए पनि अबको नेपाली क्रान्तिका न्यूनतम कार्यक्रम समाजवाद नै हो भन्न खोजिएको हो। यसलाई दस्तावेजमा यसरी प्रस्तुत गरिएको छः 'अब नेपालको राजनीतिक कार्यक्रम नयाँ जनवादी नभएर वैज्ञानिक समाजवादी हुनु वैज्ञानिक र वस्तुवादी हुन्छ। वस्तुस्थितिले माग गरिसकेको राजनीतिक कार्यक्रम तय गरेर अगाडि बढ्दा नै क्रान्तिको वरिपरि नयाँ मित्र र सहयोगी शक्तिको ध्रुवीकरण र मोर्चाबन्दी पनि फराकिलो भएर जानेछ। तसर्थ नेपालको आउँदो राजनीतिक कार्यक्रम वैज्ञानिक समाजवादी अपनाउनु सही छ।'

यो भनाइ निकै अर्थपूण छ, साथै गम्भीर पनि । यसबाट विप्लव समूहले नयाँ जनवाद खारेज गरेको कुरा पुष्टि हुन्छ। 'वस्तुस्थितिले माग गरिसकेको राजनीतिक कार्यक्रम तय गरेर अगाडि बढ्दा नै क्रान्तिको वरिपरि नयाँ मित्र र सहयोगी शक्तिको ध्रुवीकरण र मोर्चाबन्दी पनि फराकिलो भएर जानेछ' भन्ने भनाइले समाजवादी कार्यदिशा अँगालेको प्रचण्ड समूह र मध्यम वर्गलाई जोड दिने बाबुरामातिर संकेत गरेको कुरा सहजै बुझ्न सकिन्छ। यस अर्थमा विप्लव समूहको सहकार्य किरणतिर भन्दा 'नयाँ मित्र र सहयोगी शक्तिहरू' प्रचण्ड-बाबुरामसित हुने कुरा निश्चित छ। समयक्रममा यी 'नयाँ मित्र र सहयोगी शक्तिहरू' बढ्दैजानु स्वाभाविक छ।

४. 'उत्तर' अवधारणा अर्थात् 'अन्त्य' को सिद्धान्तप्रति पनि विप्लव समूहको आकर्षण बढेको देखिन्छ। फ्रान्सेली राज्यक्रान्तिले अघि सारेका भौत्तिकवादी आधुनिक मूल्यमान्यता र यसलाई समृद्ध पार्ने मार्क्सवादका विरुद्ध दार्शनिक, वैचारिक र व्यावहारिक तहमा साम्राज्यवादले अघि सारेको अन्त्यको सिद्धान्त 'उत्तर-वाद'लाई स्वीकार गर्दै विप्लव समूहले 'उत्तर-साम्राज्यवाद'(post–imperialism) वकालत गरेपछि यसले अन्योल मात्र उत्पन्न नगरी अचम्मै मान्नुपर्नै स्थिति उत्पन्न भएको छ ।

साम्राज्यवादले नित्सेलाई अंकमाल गर्दै शून्यवादको सहारा लिएर सबै कुराको अन्त्य भयो, 'उत्तर' (उयकत) भयो भन्यो। यसले पदार्थ र चेतना सम्बन्धी वैज्ञानिक मान्यतामाथि धावा बोल्यो। यथार्थको अन्त्य भयो, मार्क्सवादको अन्त्य भयो भन्यो। यसले 'उत्तर-मार्क्सवाद' लाई अघि सार्यो । 'उत्तर' अर्थात् अन्त्यको सिद्धान्त प्रयोग गर्दै उपनिवेशवाद पनि अन्त्य भयो, साम्राज्यवाद पनि अन्त्य भयो, अर्थात् 'उत्तर' भयो भन्यो र 'उत्तर-उपनिवेशवाद' र 'उत्तर-साम्राज्यवाद' को धारणा अघि सार्यो। 'उत्तर' अवधारणालाई मार्क्सवादको अन्त्यसितमात्र जोडेन, साम्राज्यवादको अन्त्यसित पनि जोडेर यसले आफ्ना आततायी र आतंककारी व्यवहारमाथि पर्दा लगाउन खोज्यो। जसरी 'उत्तर-मार्क्सवाद'को अर्थ आजको मार्क्सवाद, फेरिएको मार्क्सवाद होइन, त्यसैगरी 'उत्तरसाम्राज्यवाद' भनेको साम्राज्यवादको 'फेरिएको' पछिको वा पछिल्लो चरित्र होइन, बरु साम्राज्यवादको अन्त्य भयो, यो 'उत्तर' (post) भयो भनिएको हो। संसारभरिका मार्क्सवादीहरूले बुझेको र व्याख्या गरेको सत्यतथ्य यही हो। यसो नभएर कसैले 'उत्तर-मार्क्सवाद' भनेको अहिलेको मार्क्सवाद हो र 'उत्तर-साम्राज्यवाद' भनेको अहिलेको साम्राज्यवाद हो भनेर अड्डी कस्छ भने लेनिनले के गर्ने ? मा भन्नुभएझैं 'धापैतिर लाग्न समेत तपाईंहरू स्वतन्त्र हुनुहुन्छ' भन्नुपर्ने हुन्छ।


जानेर होस् अथवा नजानेर विप्लको लेखन र कथनमा यो सन्दर्भले निरन्तर ठाउँ पाएको छ। कहिलेकाहीं भूलले अथवा बुझाइमा रहेका समस्याले यस्ता विरोधासपूर्ण र गलत पदावलीको प्रयोग हुन्छ। मार्क्सवादी त्यो हो, जो आफ्ना गल्तीबाट सिक्छ, जो गल्ती सच्याउन उत्साहित र तत्परता देखाउँछ। गल्तीकमजोरी महसुस गरेर सच्याउनु तथा सुधार्नु, सानो हुनु र कमजोर देखिनु होइन, बरु मार्क्सवादप्रति प्रतिबद्धता जनाउनु हो। असली मार्क्सवादीले अहंका रूपमा लिएर कालोलाई रातो भनेर जिद्दी गर्दैनन्। पदावलीका आधारमा भन्दा विप्लवको चिन्तनलाई साम्राज्यवादपरस्त बुझाइ भन्न सकिन्छ।

अवश्य पनि हो, साम्राज्यवाद हिजोको जस्तो छैन, तर'उत्तर'' (उयकत) भएको छैन। आजको वित्तीय पुँजीवाद हिजोको भन्दा झन् खतरनाक मिसनमा छ।

५. विप्लव समूहको दस्तावेजमा दुई लाइन संघर्षबारे पनि भ्रमपूर्ण धारणहरू आएका छन्। मार्क्स-एङ्गेल्स स्थापित, लेनिनद्वारा विकसित र माओद्वारा समृद्ध बनाइएको दुई लाइन संघर्षसम्बन्धी सैद्धान्तिक मान्यतालाई दस्तावेजमा खारेज गरिएको छ र 'चिनियाँ महान् सर्वहारा सांस्कृतिक क्रान्ति' को मूल्यमाथि धावा बोलिएको छ। पार्टीमा आफूखुसी गर्न, पेतोफी क्लबमा पार्टीलाई परिणत गर्न एक समय बाबुरामले अघि सारेको धारणाको पक्षमा उभिनु भनेको बाबुरामलाई गुरु थाप्नु हो। यो गम्भीर विचलनको द्योतक हो। यसले विश्वदृष्टिकोमा देखापर्ने भिन्नता, पदार्थ, चेतना र प्रतिविम्बनसम्बन्धी मार्क्सवादी मान्यतालगायत पार्टीको गति र जीवन सम्बन्धी माओले अघि सार्नुभएको मान्यतालाई खारेज गर्छ र पार्टीमा देखापर्ने अन्तर्विरोध र मतभेदलाई नितान्त व्यक्तिगत धारणामा सीमितीकरण गर्छ । साथै यसले एकको दुईमा बिभाजन र विपरीतहरूको एकत्त्व सम्बन्धी माओवादी मूल्यलाई खारेज गरेको छ;

क्रमशः आगामी अंकमा

# विप्लव समूहको सातबर्से ओरालो यात्रा



विचार-दृष्टिकोण

डा. ऋषिराज बराल

के के न गर्छु भनेर बहस-छलफल बिना नै झ्यालबाट बुद्धुक्क हाम फालेर बगालका साथ २०७१ मा नेकपा-माओवादी, अहिले नेकपा (क्रान्तिकारी माओवादी)बाट भागेको विप्लव समूहको स्थिति अहिले के-कस्तो छ भन्ने कुरा सर्वत्र खुलस्त छ। अहिले सो समूह समाचारको तातो विषय मात्र नबनी उत्पीडन विरुद्ध लडिरहेका नेपाली जनताका लागि नकारात्मक शिक्षा पनि बनेको छ। वास्तवमा मार्क्सवादका दुस्मनका लागि विप्लव समूहले गज्जबको मसला दिएको छ।

तर, यो कुरा नयाँ थिएन। नेकपा-माओवादीबाट पलायन भएको लगत्तै उनको 'फरक मतको दस्तावेज' मा नेपाली समाजको विश्लेषण र क्रान्ति सम्बन्धी सोचाइ र बुझाइ सम्बन्धी गलत र भ्रमपूर्ण चिन्तनका सम्बन्धमा ऋषिराज बराललले 'मान्य छैन विप्लववाद' शीर्षकमा लेख लेखेका थिए र त्यसपछि विप्लव समूहको हावादारी चिन्तन 'एकीकृत क्रान्ति' को पनि बराललले वैचारिक चिरफार गरेका थिए।

बराललले निरन्तर रूपमा विप्लव समूहको मार्क्सवाद विरोधी चिन्तनका विरुद्ध वैचारिक सङ्घर्ष चलाएका थिए र चलाइरहे। २०७३ सालमा विप्लव समूहले 'आठौं महाधिवेशन' गर्यो। पहिले नै सार्वजनिक भएको सो दस्ताबेज व्यापक टिप्पणी र प्रश्नको विषय बनेको थियो। विप्लव समूहको महाधिवेशन चलेकै समयमा ऋषिराज बराललले त्यसको चिरफार गरेका थिए। 'जनमेल' मा प्रकाशित सो लेखको शीर्षक 'विप्लव समूह नयाँ मित्रको खोजीमा' थियो।

'फरक मतको दस्ताबेज' मै मार्क्सवादका आधारभूत मान्यता परित्याग गरेको सन्दर्भमा महाधिवेशनको दस्तावेज त झन् अचम्मको थियो, मार्क्सवादका आधारभूत मान्यताभन्दा धेरैधेरै पर पुगेको थियो। त्यहाँ नराम्रो गरी मार्क्सवादको भ्रष्टीकारण गरिएको थियो। अहिलेका क्रान्तिकारी भनिएका कमरेडहरू बास्तोला र ओलीले पनि जोडदार किसिमले ताली पिटेर ल्याएको दस्ताबेज थियो।

बराललले त्यो प्रस्तावित दस्ताबेज र पछि पारित दस्ताबेजले नेपाली क्रान्ति गर्दैन, बरू क्रान्तिलाई दिग्भ्रमित पार्छ भनेका थिए।तर, विडम्वना ! विप्लव समूहको आठौँ महाधिवेशले एक हिसाबले बरालका विरुद्ध प्रस्ताव नै पास गरेको थियो। महाधिवेशन लगत्तै विप्लव समूहका नजिकको पोर्टल 'अनलाइन डबली' ले त बरालका विरुद्ध समाचार नै प्रकाशित ग-यो। तर बराल सही र सत्य थिए। उनले गलत चिन्तनको निरन्तर भण्डाफोर गर्दै आए र गरिरहेका छन्। समयले विप्लव समूहबारे बराललले गरेको विश्लेषण सही थियो भन्ने कुरा साबित गरेको छ। विप्लव समूहको सात बर्से ओरालो यात्राको शृंखला " जनमत संग्रहबाट वैज्ञानिक समाजवाद स्थापना गर्ने" तहसम्म पुगेको छ र यो निर्णयमा सहिछाप ठोक्ने कमरेड कन्चन र सुदर्शन पनि हुन् भन्ने कुरा पनि ध्यान योग्य छ। विद्रोहको झण्डाको नेतृत्त्व गरेका कमरेड कन्चन र सुदर्शन अबका दिनमा कसरी आउंछन्, यो सात वर्षको कसरी समीक्षा गर्छन्, पछि नै थाहा होला, अहिले हेर्दै जाने र बुझ्दै जाने कुरा भयो। अहिले नै धेरै उत्साहित र उत्तेजित हुने कुरा होइन।

'नयाँ मित्रको खोजीमा' लागेको विप्लव समूह के-कस्ताको शरणमा पुग्यो भन्ने कुरा सबैका सामु छ। ६ वर्षअघि बरालले चिरफार गरेको महाधिवेशन दस्ताबेजका बारेमा बराललले के विश्लेषण गरेका थिए भन्ने कुरा पाठकले बिर्सिसकेको हुनुपर्छ। सबैलाई त्यसमा पनि कमरेड कन्चन र सुदर्शनलाई पनि म यो लेख गम्भीरतापूर्वक पढन अनुरोध गर्छु :

***विप्लव समूह नयाा मित्रको खोजीमा***

दुई वर्षअघि नेपाल कम्युनिस्ट पार्टी-माओवादी (हाल क्रान्तिकारी माओवादी) बाट सम्बन्ध विच्छेद गरेर 'एकीकृत क्रान्ति' को नारा बोकेर हिँडेको विप्लव समूहका नामले पचिरित नेपाल कम्युनिस्ट पार्टी (माओवादी) यतिबेर आफ्नो पार्टीको पहिलो महाधिवेशनमा व्यस्त छ।

विप्लवले रहस्यमय किसिमले कमरेड किरणको नेतृत्वमा रहेको माओवादी पार्टी किन त्यागे, त्यसको सेरोफोरोमा विप्लवको सम्बन्ध र सन्दर्भलाई लिएर के-कस्ता प्रश्नहरू उठेका थिए, नयाँ पार्टी बनाएपछि उनले के भने, के गरे इतिहासका सन्दर्भमा यसको चर्चापरिचर्चा भइरहने भए पनि यहाँ अहिले यो सन्दर्भ चर्चाको विषय होइन। उनको पार्टीको संघर्षको स्वरूप र चरित्रले बर्नस्टिन प्रवृत्तिलाई प्रतिनिधित्व गरे पनि अन्य माओवादी घटकको तुलनामा सडकमा विप्लव समूहले आफ्नो उपस्थिति जनाएको यथार्थलाई स्वीकार गर्नुपर्ने हुन्छ।

संर्षको साइनो र सन्दर्भ 'आर्थिक जोहो' सित जोडिएको भनेर टिप्पणी गरिए पनि राष्ट्रियता र जनजीवीकाका मुद्दाहरूप्रति सो समूहको सापेक्षित चासो र क्रियाशीलता सकारात्मक पक्ष हो भनेर स्वीकार गर्नुपर्छ।

नेपाल कम्युनिस्ट पार्टी-माओवादीसित सम्बन्ध विच्छेद गर्दा उनले प्रस्तुत गरेको दस्ताबेजमा प्रस्तुत विचारका विविध पक्ष र क्रान्तिकारी तप्काबाट गरिएको वैचारिक तथा राजनीतिक पक्षहरूका साथै कार्यदिशा लगायतका सन्दर्भहरू सम्बन्धी संश्लेषण सही रहेछ भन्ने कुरा अब आएर प्रस्ट भएको छ। थुप्रै विषयमा प्रश्न उठेका भए पनि मूलतः विप्लवले माओवादको न्यूनीकरण गरेको र नयाँ जनवादी क्रान्तिको कार्यदिशा छोडेको भनेर निकालिएको निष्कर्ष यहाँसम्म आउँदा सही साबित भएको छ।

महाधिवेशनमा केही भाषागत परिमार्जन सामान्य थपघट होला, दस्ताबेजमा त्यति ठूलो फेरबदल हुने छैन, केन्द्रीय समतिले पेश गरेपछि बहस भए पनि नेतृत्व पङ्तिले चाहेको कुरा फेरिएको चलन छैन र त्यसलाई पास गराउन ताली पिट्न लगाइनेछ नै। फेरि विप्लव समूहमा तलबाट गहन वैचारिक बहस हुने र गर्ने स्थिति पनि देखिँदैन। त्यसैले एक हिसाबले त्यो पारित भइसकेको दस्ताबेज हो र महाधिवेशन एउटा प्रक्रिया पूरा मात्र हो भनेर बुझ्नुपर्ने हुन्छ।

समग्र दस्ताबेज अध्ययन गर्दा महाधिवेशनको दस्ताबेज पार्टी सम्बन्ध विच्छेद गर्दाको दस्ताबेज भन्दा सारतत्त्वका दृष्टिले खासै फरक छैन, बरू कतिपय सन्दर्भमा यसले विचलनको दिशा समातेको छ। पहिले सन्ध्या भाषामा लेखिएका कुराहरू अहिले खुलेरै आएका छन्। शब्दजाल, छलछाम, वाक्छल, भाषाको भ्रमपूर्ण प्रयोग र एकअर्कामा बाझिने किसिमका सन्दर्भहरूले दस्ताबेज भरिएको छ तापनि हिजोझैं अब विप्लव समूहले भ्रम दिनसक्ने स्थिति छैन। विप्लव समूहको गन्तव्यका बारेमा दस्ताबेजमा सबै कुरा खुलेर आएका छन्।

दस्ताबेजमा थुप्रै विरोधाभासपूर्ण कुराहरू छन्। दार्शनिक तथा वैचारिक-राजनीतिक दृष्टिले त्रुटिपूर्ण कुराहरू छन् र केही कुराहरू निकै गम्भीर प्रकृतिका छन्। सबैको विस्तृत र लामो विश्लेषण आवश्यक छ तापनि यहाँ सम्भव छैन। तल केही महत्त्वपूर्ण पक्षमा प्रकाश पार्ने प्रयास गरिएको छ।

१. पार्टीको नामबाट माओवाद हटाउने कुरा सरसरती हेर्दा त्यति ठूलो कुरा होइन, तर यो सम्पूर्ण कुरा हो। यही तर्कका आधारमा 'जनताको हित गर्ने हो, उद्देश्यबाट विमुख नभए भयो', 'नेपाल जनता पार्टी' नाम राखे पनि हुन्छ भन्न सकिन्छ।

नाम परिचय अथवा रूप मात्र होइन, कम्युनिस्ट पार्टीमा नाम सारतत्त्व पनि हो। दस्ताबेजमा नाम हटाउने सन्दर्भमा जेजस्तो तर्क दिइएको छ, त्यो औचित्यपूर्ण र चित्तबुझ्दो छैन। साम्राज्यवादले त कम्युनिस्ट पादावली मात्र होइन, सामान्य रूपमा समाजवाद पदावली पनि सुन्न चाहँदेन। यसको बदनाम गर्छ, जनताका आँखामा यसको आवश्यकता र औचित्यबारे प्रश्न उठाउँछ, सिध्याउन खोज्छ। युरोपमा साठीदेखि असीको दशकमा यो रोगले विश्वकम्युनिस्ट आन्दोलनलाई नराम्रो गरी गाँज्यो। जसले साम्राज्यवादको हौवाबाट नाम फेरे अन्ततः ती नामसँगै हराएर गए, जसले अडान लिएर संघर्ष गरे,ती अगाडि बढे।

'माओवादी' पुच्छरको आवश्यकता छैन- भनेर प्रचण्ड-बाबुरामले एक दशकअघि नै नेपालदेखि अमेरिकासम्म पुगेर साम्राज्यवादलाई आश्वस्त पार्न खोजेका हुन्। माओवाद पुच्छर पनि होइन, सामान्य नाम मात्र पनि होइन, यो लोगो त हुँदै होइन, यो मूल्य हो र क्रान्तिकारिताको परिचायक हो, विशिष्ट चिनारी हो। यसले भिन्नै उदात्तता प्रदान गर्छ; दुस्मनले भ्रम सिर्जना गर्यो, जनतामा बदनाम पारियो भयो भनेर नामबाट माओवाद पदावली हटाउनु भनेको आफैंमाथि विश्वास नहुनु हो, यो निरासाभावको उपज हो। नाम फेर्ने सम्बन्धमा विप्लव समूले जुन तर्क अघि सारेको छ, यो एक हिसाबले पलायनता हो।

दस्ताबेज पढिसकेपछि पहिले नामबाट माओवाद हटाउने र पछि विस्तारै कामबाट पनि माओवाद हटाउन खोजिएको त होइन भनेर प्रश्न उठाउनुपर्ने आधारहरू देखापर्छन्। दस्ताबेजमा माओ र लेनिनका बारेमा जेजस्ता धारणा व्यक्त गरिएको छ, त्यहाँ प्रश्न उठाउनुपर्ने प्रशस्त ठाउँहरू छन्। बुझिने गरी नै अबको क्रान्तिमा लेनिन र माओ असान्दर्भिक छन् भन्न खोजिएको छ। यसबाट विप्लव समूहले विस्तारै पार्टीको निर्देशक सिद्धान्तकै रूपमा माओवादलाई बिदा दिन खोजेको र अहिले निर्देशक सिद्धान्तबाट नै माओवाद हटाउँदा कायकर्ता तहबाट प्रश्न उठ्ने भएकाले भोलिका लागि गरिएको कतै यो गृहकार्य त होइन ? भनेर प्रश्न उठ्नु/उठाउनु स्वाभाविक भएको छ। नाम हटाउने कुराले यसको गन्तव्यलाई सङ्केत गर्छ। वास्तवमा यो विचलनतर्फको यात्राका लागि पाइतो सराइ हो।

२.दस्ताबेजका साथै महाधिवेशनको सेरोफेरोमा प्रकाशित विप्लव समूहका प्रकाशनमा पनि विप्लवले लेनिन र माओका लाइनसम्बन्धी यस्तै खाले तर्क गरेका छन्। लेख होस् अथवा दस्ताबेज उनको एउटै निष्कर्ष रहेको छ : अब नेपालमा लेनिन र माओले देखाएको बाटोबाट क्रान्ति सम्भव छैन। यसका लागि उनको आफ्नै मनचिन्ते व्याख्या छ। क्रान्तिकारीहरूले नकारात्मकतामा पनि सकारात्मकता देखेर सचेतन प्रयासद्वारा क्रान्तिका लागि आवश्यक वैचारिक तथा भौतिक तयारी गर्छन्। तर संशोधनवादीहरू कतै पनि उज्यालो देख्दैनन् र आफ्नो मानसिकता र बुझाइलाई सहयोग पुग्ने गरी राष्ट्रिय/अन्तर्राष्ट्रिय स्थितिको व्याख्या-विश्लेषण गर्छन् र त्यसैअनुरूप पार्टीको नीति र कार्यक्रम तयार गर्दै विचलनको यात्रा तय गर्छन्।

विप्लवको भनाइ लेनिन र माओको बाटोमा हिँडेकाहरूबाट पेरू, नेपाल कतै पनि क्रान्ति सम्पन्न नभएकाले लेनिन र माओले देखाएको बाटो भन्दा नयाँ बाटो खोन्नुपर्छ भन्ने रहेको छ। निकै अगाडि पुगेको क्रान्ति किन सम्पन्न हुन सकेन, विचार र कार्यदिशामा समस्या हो अथवा नेतृत्त्व पक्षमा भन्ने कुराको वैज्ञानिक आधार र कारण खोज्नेतिर भन्दा विप्लवले लेनिन र माओको पछि लागेर फेरिएको

क्रमशः दोस्रो पृष्ठमा



# विदुरलाई उदाहरणीय नगर बनाउने छौं : प्रभा बोगटी

**काठमाडौं ।** नुवाकोट विदुर नगरपालिका वडा नं. ७ स्थित तुप्चेकी स्थायी बासिन्दा प्रभा बोगटी माओवादी केन्द्रका तर्फबाट सोही नगरपालिकाको उप-प्रमुखमा उम्मेदवारी दिनुभएको छ। पारिवारिक राजनीतिक पृष्ठभूमिका कारण सानैदेखि राजनीतिमा आवद्ध हुनुभएकी उहाँ माओवादी आन्दोलनका शीर्ष नेतामध्ये एक पोष्टबहादुर बोगटी 'दिवाकर' की छोरी हुनुहुन्छ।

विद्यार्थीकालदेखि राजनीतिक यात्रा सुरु गर्नुभएकी उहाँले जनयुद्ध सुरु भएपछि तत्कालीन सरकार पक्षको धरपकडका कारण घरमा बस्ने र पढ्ने वातावरण नभएपछि युद्धमा होमिनुभएको थियो। जनमुक्ति सेनामा क्रियाशील रहँदा चर्चित खारा आक्रमणदेखि पश्चिम नेपालका धेरै फौजी मोर्चाहरुमा सहभागी भएको अनुभव छ।

शान्ति प्रक्रियामा आएपछि जनमुक्ति सेनाको व्यारेकमा बस्नुका साथै पछि स्वैच्छिक अवकाश लिई पत्रकारितातिर लाग्नुभयो। विभिन्न पत्रपत्रिकामा काम गर्नुका साथै समाचार लेखन तथा हिमालय टेलिभिजनमा लामो समय समाचार वाचिकाको रूपमा काम गर्नुभयो। त्यस्तै प्रेस सेन्टरको केन्द्रीय सचिवसमेत भइसक्नुभएकी उहाँ हाल नेकपा (माओवादी केन्द्र) बिदुर नगर कमिटीको अध्यक्ष पनि हुनुहुन्छ। स्थानीय तह निर्वाचन २०७९ मा गठबन्धनको तर्फबाट विदुर नगरपालिकाको उपमेयरको उम्मेदवार बन्नुभएकी माओवादी नेतृ बोगटीसँग यहाँ निर्वाचन केन्द्रीत कुराकानी गरिएको छ-

**तपाईले उम्मदवारी दिनुभएको नगरपालिकाका विशेषता के के हुन् ?**

विदुर नगरपालिका प्रमुख व्यापारिक केन्द्र पनि हो। यहाँ रसुवा, धादिङदेखि आम नागरिक स्वास्थ्य उपचार तथा सर-सामान किन्नका लागि आउने गर्दछन्। त्यस्तै यस नगरपालिकाको ऐतिहासिक र पुरातात्विक महत्व पनि छ। नेपाल एकीकरणका बेला पृथ्वीनारायण शाहले काठमाडौं आक्रमण गर्नुपूर्व यहाँ बसेर विभिन्न योजनाहरु बनाएका थिए। ती स्थानहरुलाई संरक्षित गरिएको छ। जस्तो नुवाकोट दरबार, पृथ्वीनारायण शाहको निधन भएको स्थान देवीघाटमा उहाँको सालिक बनाइएको छ। विभिन्न धार्मिक, ऐतिहासिक र पुरातात्विक सम्पदाहरु छन्।

**तपाईका चुनावी एजेण्डाहरु के-के हुन् ?**

हामीले ठूला कुरा गरेर पूरा नगर्नुभन्दा पनि जति गर्न सकिन्छ त्यति बोलेर जानुपर्छ। नगरभित्रका पाँच विद्यालयहरुलाई नमुना विद्यालय बनाएर अत्याधुनिकीकरण गर्ने। कम्प्युटर कोठाहरु, ल्याबहरुको व्यवस्था गरी अत्याधुनिक प्रविधियुक्त बनाउने योजना छ।

त्यस्तै एउटा नगरमा एउटा बहुप्राविधिक विद्यालय स्थापना गर्ने भन्ने माओवादी केन्द्र र सरकारको योजनाअनुसार विदुर नगरपालिका वडा नं. १ मा 'पोष्टबहादुर बोगटी बहुप्राविधिक शिक्षालय' स्थापना गरिएको छ। हाल भवन भाडामा लिएर स्कुल सञ्चालन गरिएकोमा चाँडै नै विद्यालयको भौतिक संरचना र विकास कामहरु गरी नगरपालिकामा दक्ष जनशक्ति उत्पादन गर्न विशेष जोड दिइनेछ।

त्यस्तै नेवार, तामाङ समुदायको बाहुल्यता रहेको यस पालिकामा उनीहरुको मातृभाषा लोप हुने अवस्थामा रहेकाले मातृभाषाको कक्षा सञ्चालनमा नगरपालिकाले पहल गर्नेछ।

त्यसैगरी नुवाकोट दरबारलाई फास्ट ट्र्याकबाट विश्व सम्पदा सूचीमा लैजान प्रयास गर्ने, नगरपालिकामा 'नो भ्यू टावर, नो डोजर' गर्ने, मुख्य सडकलाई अनिवार्य कालोपत्रे गर्ने र भद्रगोल तरिकाले बाटो खन्न नदिने हाम्रो गठबन्धनको साझा एजेण्डा रहेको छ।

त्यसैगरी कृषि र पशुपालनको माध्यमबाट जनताको जीविकोपार्जन हुने गरी नगरपालिकाको तर्फबाट बजार व्यवस्थापन गर्ने हाम्रो उद्देश्य रहेको छ।

**तपाईका जितका आधारहरु के-के हुन् ?**

विदुर नगरपालिकामा एमालेले नेतृत्व गरिरहँदा जनताले नयाँ सोच, विकासको प्रत्याभूति गर्न पाएनन्। जनताका आवश्यकता र मागहरुको सम्बोधन नहुँदा एमाले नेतृत्वको स्थानीय सरकारप्रति मतदाताहरु रुष्ट बनेका छन्। त्यसको विपरित हामीसँग भएको नयाँ सोच र भिजनप्रति स्थानीय आकर्षित भएका छन्। त्यस्तै, राजनीतिक रूपमा अहिले हामीले प्रतिगमनविरोधी गठबन्धनको तर्फबाट निर्वाचनमा होमिएका छौं। एमाले नेतृत्वले गरेको गलत कामको जनताले पनि मूल्यांकन गरेका छन्। पटक-पटक संविधानमाथिको प्रहारलगायत एमालेले एकपछि अर्को गलत कार्य गर्दै आएको जनताले बुझ्नु भएको छ।

यस पालिकामा मेयरका उम्मेदवार राजन श्रेष्ठ हुनुहुन्छ, उहाँ युवा। म पनि महिला अनि युवा। हामीमा काम गर्ने जोश जाँगर छ। हाम्रो प्रतिनिधित्वप्रति युवा र महिला समुदायको अत्यधिक आकर्षण छ।

**पालिकामा भ्रष्टाचारको अवस्था कस्तो छ ?**

देशव्यापी मौलाएको भ्रष्टाचारबाट विदुर नगरपालिका पनि अछुतो हुन नसकेको छैन। नगरपालिकाको विकासका बजेटहरु पारदर्शी ढंगले खर्च हुन सकेको छैन। वडा नं. १३ मा कागती लगाउने योजनामा पालिकाले बजेट खर्च गऱ्यो। तर जनस्तरबाटै यहाँ व्यापक भ्रष्टाचार भयो भन्ने आवाज उठिरहेको छ।

नगरपालिकाभित्र जाँदा पनि आफ्नो वा आफ्नो पार्टीको हो कि होइन भन्ने आधारमा वार्षिक बजेट सीमित व्यक्तिहरुको पहुँचमा मात्रै पुऱ्याउने काम भएको छ। यस्तो भ्रष्टाचारको अवस्था जनताले पनि महसुस गरेका छन्। हामी राजनीतिक दलहरुले पनि बारम्बार यसबारे सचेत गराइरहेका छौं। हामी अबको निर्वाचनबाट नगरको नेतृत्वमा आएपछि विगतमा भएका भ्रष्टाचारको उचित छानविन गर्नुका साथै आगामी दिनमा विदुर नगरपालिकालाई भ्रष्टाचाररहित नगर बनाएर उदाहरणीय बनाउनेछौं। *('न्युज ब्यांक' का लागि **पुष्पा महरा**ले गरेको कुराकानीको सम्पादित अंश)*

# गठबन्धनका तर्फबाट पर्वतको मोदीमा चुनावी अभियान र चुनौती

**काठमाडौं ।** आसन्न स्थानीय तहको निर्वाचनका लागि पर्वतको मोदी गाउँपालिकामा संयुक्त गठबन्धनको तर्फबाटसत्तासाझेदार नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीसहितका दलहरूले अभियान थालेका छन्।

वैशाख १७ गते औपचारिक रूपमा सुरूवात गरिएको चुनावी कार्यक्रममा गठबन्धनका साझा उम्मेदवार र पार्टीका नेताहरूले आफ्नो साझा प्रतिवद्धतासहित चुनावी अभियानलाई तीव्रता दिएका हुन्। मोदीमा गाउँपालिकाको अध्यक्षमा माओवादी केन्द्रका गुप्तबहादुर हमाल र उपाध्यक्षमा नेपाली कांग्रेसका रामबहादुर प्रसाईले संयुक्त उम्मेदवारी दिएका छन्।

वैशाख १७ गते पातीचौर बजारमा एक ऱ्यालीको आयोजना गरी गठबन्धनले चुनावी अभियानको थालनी गरेको थियो। उक्त ऱ्यालीमा नेपाली कांग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवादी लगायतका दलका सयौं नेता-कार्यकर्ता सहभागी थिए। चुनावी कार्यक्रमलाई अध्यक्षका उम्मेदवार हमाल, उपाध्यक्षका उम्मेदवार प्रसाईसहितका नेताहरूले सम्बोधन गरेका थिए।

त्यसैगरी गठबन्धनले आइतबार मोदीको राम्जामा घरदैलोसहित चुनावी कोणसभा सम्पन्न गरेको थियो। घरदैलोमा गाउँपालिका अध्यक्ष र उपाध्यक्षका उम्मेदवारका साथै वडा नं.-७ को वडा अध्यक्षका प्रत्यासी नारायण गौतम लगायत वडा सदस्यका उम्मेदवारहरू सहभागी थिए।

आइतबार नै गठबन्धनका उम्मेदवारहरूले मोदीमा जन्मिएर पोखरामा बसोबास गर्ने पोखराबासीसँग अन्तरक्रिया गरेका थिए। अन्तरक्रियामा बुद्धिजीवी, सामाजिक अगुवा लगायतका व्यक्तित्वहरू सहभागी थिए। कार्यक्रममा सहभागीहरूले मोदी गाउँपालिकाले असल, कुशल र हेभीवेटका उम्मेदवारहरू पाएको भन्दै यसपटक गठबन्धनलाई जिताउने प्रतिवद्धता व्यक्त गरेका थिए।

संयुक्त गठबन्धनले सोमबार मोदीको चित्रेमा घरदैलो र चुनावी कोणसभा गरेको छ। सभामा अध्यक्षका उम्मेदवार हमाल, उपाध्यक्षका उम्मेदवार प्रसाई, माओवादी केन्द्रका नेताहरू सुदीप कुंवर, मनहरि तिमिल्सिना, उमाकान्त भुर्तेल लगायतका नेताहरू सहभागी थिए। कार्यक्रममा स्थानीयले गठबन्धनका उम्मेदवारहरूलाई चासोपूर्वक स्वागत गरेका थिए।

चुनावी कार्यक्रममा गठबन्धनका उम्मेदवारहरूले स्मार्ट मोदीको अवधारणा अघि सारेका छन्। संयुक्त गठबन्धनले साझा प्रतिवद्धतापत्र जारी गर्दै एक वडा, एक रोजगार केन्द्र, सरकारी विद्यालयका विद्यार्थीलाई निशुल्क स्वास्थ्य परीक्षण, घुम्ती एम्बुलेन्स सेवा, जेष्ठ नागरिक र अपाङगहरूका लागि घरमै पुगेर स्वास्थ्य परीक्षणको व्यवस्था, मालपोत, विद्युत, पानी लगायतको दस्तुर घरबाटै भुक्तानी गर्न सकिने व्यवस्था, वडा केन्द्रसम्म जाने सबै सडकहरूको स्तरोन्नति र कालोपत्रे, एक घर एक धारा लगायतका अवधारणा अघि सारेको छ।

त्यसैगरी सामाजिक सुरक्षा भत्ता घरमै उपलब्ध गराउने व्यवस्था, अत्याधुनिक अस्पताल निर्माण, कृषिमा मल, बिउ र सिँचाइमा विशेष अनुदान, चिस्यान केन्द्र, दुग्ध संकलन केन्द्र, तरकारी तथा फलफूल बजार, व्यवसायीसँगको सहकार्यमा सुपथ डिपार्टमेन्टल स्टोर लगायतको प्रतिबद्धता जाहेर गरेको छ।

मोदीका सबै गाउँहरूमा होमस्टेको स्तरवृद्धि, बहुसांस्कृतिक संग्रहालय निर्माण, सबै सरकारी विद्यालयमा अंग्रेजी माध्यमबाट पढाइ हुने व्यवस्था, गाउँपालिकालाई ढुंगाखानीको गाउँपालिकाका रूपमा स्थापित गर्ने लगायतका विषयहरू प्रतिवद्धतामा छन्।

गठबन्धनले लोकतन्त्र र संविधानको रक्षा, समृद्धिको जग बसाल्न तथा जनताको जीवनमा सकारात्मक परिवर्तनका निम्ति आफ्ना उम्मेदवारलाई जिताउन घरदैलोका क्रममा अपील गरेको छ।

# म्यादी प्रहरीलाई सम्मानजनक व्यवहार गर्न गृहमन्त्री खाणको आग्रह

**काठमाडौं ।** गृहमन्त्री बालकृष्ण खाणले स्थानीय तह निर्वाचनका लागि भर्ना भएका म्यादी प्रहरीलाई सम्मानजनक व्यवहार गर्न निर्देशन दिएका छन्। उनले अस्थायी भर्ना गरिए पनि म्यादी प्रहरीको भूमिका महत्वपूर्ण रहेकाले काममा लगाउँदा शीष्ट व्यवहार गर्न आग्रह गरेका हुन्।

आफ्नो गृहजिल्ला पुगेका गृहमन्त्री खाणले जिल्ला प्रशासन कार्यालय, रूपन्देहीमा आयोजित सुरक्षा निकायको बैठकमा सुरक्षा व्यवस्था चुस्त बनाउन समेत सुरक्षा निकायलाई निर्देशन दिएका थिए। गृहमन्त्री खाँणले स्थानीय तह निर्वाचनमा मतदाता, मतदानस्थलमा खटिएका कर्मचारीलगायत आम नागरिकको सुरक्षा गर्ने दायित्व सरकारको भएको बताउँदै त्यसका लागि सबै तयार रहन निर्देशन दिए।

सोही बखत उनले चारवटै सुरक्षा निकायको समन्वयमा जिल्लाको सुरक्षालाई व्यवस्थित गरेर लैजान र मतदानस्थल, मतपेटिकाको सुरक्षामा पनि विशेष ध्यान दिन आग्रह गरे। सुरक्षा निकायबाट सम्भावित जोखिम अध्ययन गरी अति संवेदनशील, संवेदनशील क्षेत्रको सुरक्षालाई विशेष ख्याल गर्न गृहमन्त्रीबाट निर्देशन प्राप्त गरेको रूपन्देहीका प्रमुख जिल्ला अधिकारी ऋषिराम तिवारीले जानकारी दिए।

बैठकमा नेपाल प्रहरी, सशस्त्र प्रहरी, लुम्बिनी प्रदेश प्रमुख, नेपाली सेना, राष्ट्रिय अनुसन्धानका अधिकृत एवं रूपन्देही, कपिलवस्तु र नवलपरासीका प्रमुख जिल्ला अधिकारीहरु सहभागिता थिए। तीनवटै जिल्लाका सशस्त्र, नेपाल प्रहरी र राष्ट्रिय अनुसन्धान प्रमुखहरुको बैठकमा सहभागिता रहेको थियो। बैठकमा प्रमुख जिल्ला अधिकारी र जिल्ला सुरक्षा निकायका प्रमुखले आ-आफ्नो जिल्लाको सुरक्षा अवस्थाबारे जानकारी गराउँदै निर्वाचनलाई भय रहित वातावरणमा सम्पन्न गर्न लागि परेको जानकारी गराएका थिए।

# टुक्रियो विप्लव नेकपा : चन्द र विश्वकर्मा हटाइए, बाँस्तोला संयोजक

**काठमाडौं ।** नेत्रविक्रम चन्द 'विप्लव' नेकपाको महासचिव पदबाट हटाइएका छन्। बुधबारदेखि चितवनको पर्सामा सुरु भएको सो पार्टीका असन्तुष्ट नेताहरू हेमन्तप्रकाश वली र धर्मेन्द्र बाँस्तोला पक्षधरको राष्ट्रिय भेलाले विप्लवलाई महासचिवबाट हटाउने निर्णय गरेको हो।

उक्त समूहका नेता गुणराज लोहनीले स्थानीय तहको निर्वाचनमा पार्टी केन्द्रीय समितिको निर्णयविपरीत सहभागी भएको, एमसीसी पक्षधर एमाले र कांग्रेससँग चुनावमा गठबन्धन गरेको लगायतका विषयलाई लिएर महासचिवबाट चन्दलाई हटाइएको बताए। उनको भनाइ थियो- 'केन्द्रीय समितिका सदस्यहरूलाई उठाएको र एमसीसी पक्षधरहरू एमाले र कांग्रेससँग चुनावी गठबन्धन गरेकाले हटाइएको हो।'

लोहनीले राष्ट्रिय भेलाबाट पार्टीको केन्द्रीय संयोजकमा धर्मेन्द्रलाई तोकेको पनि समेत बताए। उनले ६४ सदस्यीय केन्द्रीय समिति र ४ सदस्य रहेको सल्लाहकार गरी ६८ सदस्यीय केन्द्रीय नेतृत्वमध्ये ३८ जना भेलामा उपस्थित रहेको जानकारी दिए।

सोही भेलाले खड्गबहादुर विश्वकर्मालाई पार्टी प्रवक्ताबाट हटाइएको पनि लोहनीले जानकारी दिए। केही दिन पहिले चन्दले धर्मेन्द्र वास्तोला र हेमन्तप्रकाश वलीलाई पार्टीको जम्मेवारीबाट मुक्त गरेका थिए।

चुनावमा भाग लिएको विषयमा पार्टी निर्णयविपरीत वक्तव्य निकालेको भन्दै दुवै नेताको जिम्मेवारी खोसिएको बताइएको छ।

# लेखापरीक्षण मर्यादित र व्यावसायिक हुनुपर्छ : अर्थमन्त्री

**काठमाडौं ।** अर्थमन्त्री जनार्दन शर्माले मुलुकको अर्थतन्त्र सबलीकरणका लागि मर्यादित र व्यावसायिक लेखापरिक्षण हुनुपर्ने बताउनुभएको छ। नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (आइक्यान) द्वारा आयोजित प्रथम राष्ट्रिय लेखा व्यवसायी सम्मेलनलाई सम्बोधन गर्दै अर्थमन्त्री शर्माले सम्पूर्ण सम्पत्तिको सही लेखाजोखा गर्नुपर्ने दायित्वबाट लेखापरीक्षक विमुख हुन नहुने धारणा राखेका हुन्।

कुनै पनि व्यवसाय वा सम्पत्तिको लेखापरीक्षण गर्ने क्रममा जोड-घटाउमा थोरै मात्र तलमाथि भए राष्ट्रिय अर्थतन्त्रमा नै असर गर्नेतर्फ लेखा परीक्षकहरूलाई ध्यान दिन उनको आग्रह थियो। 'जोड गर्नुपर्ने ठाउँमा घटाउ राखियो वा घटाउनुपर्ने ठाउँमा भाग वा गुणा गरियो भने त्यसले हिसाब मात्रै बिगार्दैन, राष्ट्रिय अर्थतन्त्रमा नै ठूलो असर गर्छ भन्ने कुरामा तपाईंहरू (लेखापरीक्षक) ले ख्याल राख्नुहोला' अर्थमन्त्रीको भनाइ थियो।

उनले लेखापरीक्षण व्यवसाय अर्थतन्त्रको मूल आधार र समग्र देशको आर्थिक चित्र देखाउने ऐना भएको पनि बताए- 'निजी, सरकारी, गैर-सरकारी सबै क्षेत्रमा लेखापरीक्षण क्षेत्रले राम्रो भूमिका खेलेको छ। लेखापरीक्षण व्यवसायमा अत्यन्तै इमान्दारिता, स्वच्छता र जिम्मेवारी बोधको आवश्यकता छ।'

वित्तीय अनुशाशन कायम गर्न/गराउन लेखापरीक्षकको भूमिका महत्वपूर्ण हुने अर्थमन्त्री शर्माको भनाइ थियो। उनले लेखापरीक्षण कुनै संस्था वा कम्पनीको हिसाब-किताबमा मात्रै सिमित नभई समग्र देशको सम्पत्ति मूल्यांकनमा पनि प्रयोग हुनुपर्ने बताए। अर्थमन्त्री शर्माले गरिबी न्यूनीकरणका लागि देशको अर्थ व्यवस्थाको 'अडिट' हुनुपर्ने बताए- 'वर्षौंदेखि बहुआयामिक गरिबी किन भइरहेको छ। यसको अडिट गर्नुपऱ्यो। जोड राख्नुपर्ने ठाउँमा घटाउ राखेर हिसाब गर्दा पो यस्तो भएको हो कि ? अब गरिबीको सही ढङ्गले अडिट गरियो भने हामी सुधार गर्न सक्छौं।'

'अहिले राष्ट्रिय सम्पत्तिको अडिट गर्नुपर्ने बेला भएको छ' भन्दै उनले मुलुकलाई आत्मनिर्भर बनाउने गरी मुलुक भित्रको स्रोतसाधनको अधिकतम उपयोग गर्ने बेला समेत आएको बताए।

कार्यक्रममा आइक्यानको अध्यक्ष युद्धराज ओलीले लेखा व्यवसायी सम्मेलन पहिलो पटक आयोजना भएको जानकारी दिँदै दुई दिनसम्म चल्ने सम्मेलनले राष्ट्रिय अर्थतन्त्रका विषयमा गम्भीर रूपले छलफल एवं विचार विमर्श गर्ने जानकारी दिए।

# साझा उम्मेदवारलाई जिताउन एकीकृत समाजवादीको आग्रह

**काठमाडौं ।** माधव कुमार नेपाल नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी)ले आसन्न स्थानीय तहको निर्वाचनमा गठबन्धनका साझा उम्मेदवारलाई जिताउन सम्पूर्ण शक्ति केन्द्रीत गर्नुपर्नेमा जोड दिएका छन्।

नेकपा एसका अध्यक्ष नेपालको अध्यक्षतामा बसेको सचिवालय बैठकले महानगरपालिकादेखि वडा तहसम्म गठबन्धनका साथै पार्टीका तर्फबाट एकल उम्मेदवारी दिएका व्यक्तिलाई जिताउन भूमिका निर्वाह गर्ने निर्णय गरेको महासचिव डा बेदुराम भुसालले जानकारी दिए।

सोही बैठकले गठबन्धन नभएका र एकल उम्मेदवार नभएका स्थानमा गठबन्धनका दलबीच सहमति कायम गर्न अन्तिम समयसम्म प्रयत्न गर्ने निर्णय गरेको भुसालले बताए।

यही बैशाख ३० गते हुन गइरहेको स्थानीय तहको निर्वाचनलाई दृष्टिगत गर्दै पार्टीले हालै जारी गरेको घोषणापत्रमा पार्टीका उम्मेदवारले नेतृत्व गरेका स्थानमा स्थानीय सरकारमार्फत प्रत्येक घरपरिवारलाई दुईसय युनिटसम्म बिजुली निःशुल्क दिने र यसका लागि संघीय तथा प्रदेश तहका सरकारसँग आवश्यक समन्वय गर्ने प्रतिबद्धता व्यक्त गरेका हुन्।

# सुनीलस्मृति गाउँपालिका : रोजगारी, शिक्षा, स्वास्थ्यदेखि युद्धपर्यटनसम्म

■ **पुष्पा महरा**

नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र घोषणा भएको १३ वर्ष, संविधानमा लिपिबद्ध भएको ६ वर्ष र कार्यान्वयनमा आएको ४ वर्ष बितेको छ। तीन तहको सत्ता केन्द्र, प्रदेश र स्थानीय तहको सत्ता संरचनाको अभ्यास नेपालका लागि नौलो प्रयोग र अभ्यास थियो।

१० वर्षे माओवादी जनयुद्ध र १९ दिने जनआन्दोलनको बलमा स्थापित भएको संघीय गणतन्त्र र मुख्य गरेर स्थानीय तह कार्यान्वयनको विषयमा थुप्रै भ्रमहरु थिए। ती भ्रमहरु चिर्ने भूमिकामा थिए नेपालमा बनेका ७ सय ५३ स्थानीय तह। त्यसैमध्येको एक स्थानीय तह हो- रोल्पा जिल्लाको सुनिल स्मृति गाउँपालिका।

पहिले सुवर्णावती गाउँपालिका पछि सुनिल स्मृति गाउँपालिका भयो। माओवादी नेता किमबहादुर थापा 'सुनिल'को नामबाट यस गाउँपालिकाको नामाकरण गरिएको हो। जनयुद्धको क्रममा तत्कालीन शाही सेनाको आक्रमणमा परी सुनिलको सहादत भएको थियो।

जम्मा ८ वटा वडा रहेको सुनिलस्मृति गाउँपालिकामा माओवादी केन्द्रका तर्फबाट अध्यक्ष गुणेन्द्र घर्ती र उपाध्यक्ष बाम्मती थापा चुनाव मैदानमा उत्रिएका छन्। निम्न आय भएकाहरुको बसोबास रहेको यस गाउँपालिकामा विसं ०७४ मा पनि माओवादी केन्द्रले नेतृत्व लिएपछि गाँसबास, स्वास्थ्य, शिक्षा, विकास लगायतका कुराहरुको केही सहज बनाउने काम भयो। जनताको माग बमोजिम योजना बनाएर बजेट अनुसार केही कामहरु सुरु पनि गरिएका छन् र ती कामहरु अब आउने नेतृत्वले पूरा गर्नु नै पहिलो प्राथमिकता भएको अध्यक्ष घर्तीले बताए।

***वडाका बस्तीसम्म सडक सञ्जालहरु***

सुनिलस्मृति गाउँपालिकामा हिजोका दिनमा केही वडासम्म मात्रै सडक पुगेको थियो। अहिले गाउँ गाउँमा मोटर बाटो पुगेको छ। यस गाउँपालिकाको वडा नं. ५ स्थित रिघिमबाहेक सम्पूर्ण वडाका बस्तीसम्म सडक सञ्जाल पुगेको छ, नयाँ ट्र्याक खोलिएको छ। सबै वडा कार्यालयसम्म बस पुर्‍याउने गरि मोटरबाटो चौडा बनाइएका छन्। बस सञ्चालनका लागि पाँच वटा मोटर गुड्न सक्ने सडक बनाइँदैछ। जसमध्ये दुई वटा सम्पन्न भइसकेको छ भने तीन वटा निर्माणाधीन छ।

***'होम डेलिभरी अन्त्य'को घोषणा***

निम्न आय भएको क्षेत्रमा स्वास्थ्यको अवस्था जटिल हुन्छ। यही कुरालाई चुनौती दिँदै सुनिलस्मृति गाउँपालिकाले वडा नं. ५ र २ आफ्नै स्वास्थ्य चौकी भवन तयार पारी दक्ष जनशक्तिसमेत खटाएको छ। त्यस्तै वडा नं. ३ र ५ मा स्वास्थ्यचौकी विस्तार गरी जनतालाई सेवा दिइएको छ।

संस्थागत सुत्केरी गराउनका लागि दक्ष जनशक्ति, प्रविधिको प्रत्येक वडामा व्यवस्था गरिएको छ। स्वास्थ्य क्षेत्रमा पर्याप्त जनशक्ति नभए स्थानीय स्तरबाट अस्थायी दरबन्दीमा जनशक्ति थपिने काम हुन्छ। केही दिन अघि मात्रै पनि ११ जना स्वास्थ्यकर्मीहरुलाई थप गरिएको थियो। उनीहरुबाट जनताले सेवा लिइरहेका छन्। हाल वडा नं. ६ लाई 'होम डेलिभरी अन्त्य'को घोषणा गरेको छ भने २०८२ सम्ममा होम डेलिभरीलाई शून्यमा झार्ने पालिकाको लक्ष्य छ।

***'हाम्रो स्कुल, राम्रो स्कुल र उत्कृष्ट स्कुल'***

सुनिलस्मृति गाउँपालिकाको शैक्षिक स्तर उकास्नका लागि यहाँ विभिन्न स्थानमा विद्यालय भवनहरु निर्माण गरिएको छ। विद्यालयमा आरसीसी भवन, दुई कोठे भवन बनाउने काम पनि गाउँपालिकाले गरेको छ। यस पालिकामा कक्षा १ देखि नै अंग्रेजी माध्यमबाट पठन-पाठन हुन्छ। गत वर्षदेखि सुरुवात गरिएको यस योजनाअन्तर्गत कक्षा १२ लाई अनिवार्य र निःशुल्क शिक्षाको रूपमा प्रदान गरिएको छ। विद्यालयका छात्राहरुलाई पढाइमा सहयोग पुग्ने उद्देश्यले 'छात्रावृत्ति' कार्यक्रम पनि अगाडि बढाइएको छ। शैक्षिक क्षेत्रमा गुणस्तर कायम गरी सबै माध्यमिक तहहरुमा प्रविधियुक्त ढंगबाट पढाइ हुन्छ। गाउँपालिकामा सञ्चालित माध्यमिक विद्यालयहरुलाई स्मार्ट स्कुलको रूपमा विकास गर्ने गाउँपालिकाको लक्ष्य छ, जुन सुरुवात गरिसकिएको छ। विद्यार्थीहरुमा शारीरिक मानसिक रूपमा तन्दुरुस्त बनाउन 'हाम्रो स्कुल, राम्रो स्कुल र उत्कृष्ट स्कुल' भन्ने नारासहित पालिकाको पहलमा बिहानीमा पिटी परेड गराइन्छ। हिजो जनताले विद्यालय स्थापना गरी पैसा उठाएर निजी शिक्षकलाई तलब खुवाइराखेका थिए। पालिका बनेपछि यहाँका तिनै ४१ जना निजी शिक्षकहरुको सेवा अन्त्य गरी गाउँपालिकाले सूचना निकालेर, परीक्षा गराई, पालिकास्तरीय भोलिन्टियर शिक्षकको रूपमा काममा खटाएको छ।

***९५ प्रतिशत क्षेत्रमा विद्युतीकरण***

सुनिलस्मृति गाउँपालिकाको करिब ९५ प्रतिशत क्षेत्रमा विद्युतीकरण गरिएको छ। केही बस्तीहरुमा मिटर बक्स जडान गर्ने कार्य जारी छ, जुन यही वर्ष सम्पन्न गर्ने योजना छ। माओवादीले नेतृत्व गर्नुपूर्व यस क्षेत्रमा ३५ प्रतिशत जनताले मात्रै बिजुली बाल्न पाएका थिए।

***प्रविधिमा अग्र पाइला***

यस गाउँपालिकाका विभिन्न स्थानमा नेपाल टेलिकम/एनसेललगायत फोरजीका टावरहरु देख्न सकिन्छ। जसले गर्दा गाउँमा सूचना/सञ्चार क्षेत्रबाट बाहिर छैन भन्ने प्रष्ट देख्न बुझ्न सकिन्छ। यो आर्थिक वर्षमा गाउँपालिकाले सुलभ नेटका लागि सबै वडासम्म फाइबर बिछ्याउने काम सुरु भएको छ। यहाँका विद्यालय, वडा कार्यालय, मालपोत तथा स्वास्थ्य चौकीहरुमा समेत डिजिटल प्रणाली जडान गरिएको छ। जसले कामलाई छिटो छरितो र सहज तरिकाले सम्पन्न गर्न सकिन्छ।

***'एक वडा एक उत्पादन' : प्रत्येक वर्ष ५०० स्वरोजगार***

प्रधानमन्त्री स्वरोजगार कार्यक्रम सुनिलस्मृति गाउँपालिकामा प्रभावकारी रह्यो। यहाँका सम्पूर्ण वडामा उक्त कार्यक्रम लागु गरियो। यो गाउँपालिका कृषिप्रधान क्षेत्र भएकाले कृषिको प्रवर्द्धन तथा जनताको जीवन उकास्नका निम्ति 'प्रत्येक वडा एक उत्पादन' भन्ने नारा नै अघि सारेको छ। फलफूल उत्पादन हुने क्षेत्रलाई 'फलफूल जोन', तरकारी उत्पादन हुने क्षेत्रलाई 'तरकारी जोन', मकै जोन, बाख्रा, पशुपालन जोन, मह जोन, चिउरी जोन आदि गरी छुट्याइएको छ। व्यावसायिक कृषि उत्पादनमा सहयोग पुर्‍याउनका लागि कृषकलाई तालिम दिने, बाख्रा, कुखुरा उत्पादन तथा फार्म सुधारका लागि पालिकाले आर्थिक सहयोग गर्छ। पालिकामा दर्ता भएका ३१ वटा सहकारीमार्फत् कृषकको पहुँचसम्म आर्थिक लगानी पुग्ने गर्दछ। जनतालाई स्वरोजगार बनाउने उद्देश्यले यहाँ पालिकाले प्रत्येक वर्ष ५०० स्वरोजगार बनाउने गरी विभिन्न तालिम दिइएको छ। पालिकाले हेभी-लाइट ड्राइभिङ, कम्प्युटर ट्रेनिङ, मोबाइल रिपेरिङ, सिलाइ कटाइ, ब्युटी पार्लर, इलेक्टिकल, घरेलु तथा साना उद्योगसम्बन्धी विभिन्न तालिमहरु दिने गरेको छ। यस्ता तालिमबाट १५ सय बढी लाभान्वित भइसकेका छन्।

***युद्धपर्यटनदेखि च्याप्टिङसम्म***

पहिलेको सुवर्णावती गाउँपालिकालाई तथ्यसहितको ऐतिहासिक नाम गाउँपालिकाले पछि जुराएको हो। माओवादी नेता किमबहादुर थापा 'सुनिल'को नामबाट नामांकरण गरिएको यस गाउँपालिकाले उनको सालिक राखिएको छ।

जनयुद्धको क्रममा तत्कालीन शाही सेनाको हेलिकोप्टरबाट हानेको गोली लागेर कार्यक्रममै सुनिलको सहादत भएको थियो। पर्यटनको प्रवर्द्धनका लागि यस गाउँपालिकामा केही काम सुरु गरिसकेको छ भने केही बाँकी छ। यस पालिकामा खुंग्रीको दरबार, विभिन्न धार्मिक स्थलहरु, रातामाटाहरु, सयौं जनासम्म अटाउने गुफाहरु छन्। त्यस्तै 'मयूर संरक्षण क्षेत्र' 'गिद्ध संरक्षण क्षेत्र' भनी क्षेत्रहरु छुट्टाइएको छ। थप व्यवस्थितको पर्खाइमा छन् यहाँका पर्यटकीय क्षेत्रहरु। युद्ध पर्यटनका लागि आरुखर्क-खट्के भीर जहाँ जनयुद्धमा दोहोरो भीडन्त हुँदा राज्य पक्षबाट ६५ घर जलाएर ध्वस्त पारिएको थियो। वडा नं. ७ मा अवस्थित अमालवानी कोट, ६ नं. वडामा अवस्थित सुनिल पार्क, वडा नं. १ मा रेड स्वायल पार्क लगायतको निर्माण गरिएको छ। त्यस्तै लुंग्री-माडी खोलामा च्याप्टिङको सञ्चालन गरिएको छ। गजुलकोट दरबार लगायत पुराना दरबारहरुको संरक्षण गर्ने काम पनि यस गाउँपालिकाले गरेको छ।

पालिकाले 'एक वडा एक खेल मैदान' कार्यक्रमअन्तर्गत प्रत्येक वडामा खेल मैदानहरु बनाइएको छ। त्यस्तै 'एक घर एक धारा' लाई पनि पालिकाले अघि बढाएको छ। गाउँपालिकाले फुसको छाना अन्त्य गरी सुरक्षित छाना प्रदान गर्ने अभियान चलाएको थियो। जुन अभियान सुरुवात गर्ने मुलुककै पहिलो पालिका हो।

पालिकाभित्रका विपन्न, गरिब, दलितहरुको फुसको छानो विस्थापित गरी रातो रङको जस्ता पाताको छानो प्रदान गरेको थियो। जसबाट २२ सय बढी लाभान्वित भएका छन्। २०७४ सालदेखि नै पालिकाले यो अभियान सुरु गरेपछि देशका अन्य पालिकाहरुले पनि यो अभियानको सिको गरेको थियो।

***कम बेरुजु, उत्कृष्ट पालिका***

सुनिलस्मृति गाउँपालिका २०७६/०७७ को आर्थिक वर्षमा मुलुककै पहिलो सबैभन्दा कम बेरुजु भएको गाउँपालिका बनेको थियो। ०.१४ प्रतिशत ल्याएर देशभरका ४ सय ६३ गाउँपालिकामध्ये यो पालिका पहिलो बन्न सफल भएको हो। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तीय आयोगको तथ्यांकअनुसार ७ सय ५३ स्थानीय तहहरुको मूल्यांकन अनुसार यो पालिका ६७.६७ अंक लिएर रोल्पा जिल्लाको १० वटा स्थानीय तहमध्ये पहिलो बन्न सफल बनेको छ। जब कि ७८.६९ नम्बर प्राप्त गरेर डडेल्धुराको अजयमेरु गाउँपालिका पहिलो बनेको थियो।

०७४ सालको प्रवेशलाई स्मरण गर्दै गाउँपालिका अध्यक्ष गुणेन्द्र घर्ती भन्नुहुन्छ : 'हामी हिजो आउँदा अँध्यारोमा ढुंगा हाने जसरी आएका हौं। निर्वाचित गरेर त पठाइयो। तर त्यतिबेला हामीसँग न त प्रदेश सरकार थियो, न त संघीय सरकार थियो, न त जिविस नै थिए। स्थानीय चुनाव पहिले नै भइसकेको थियो। हामीसँग भएको भन्या त्यही पुराना केही नगरपालिकाहरु हुन्। त्यसैले एक डेढ वर्ष अन्यौल नै भयौं। त्यसपछि हामी आफैले केही कार्यविधिहरु निर्माण गर्‍यौं र विकासको फड्को मारेका हौं।'

सुनिलस्मृति गाउँपालिकामा संघीय कानुन र प्रदेश कानुनबाहेक पाँच वर्षभित्रमा ५४ वटा कानुनहरु आफैले निर्माण गरी कार्यान्वयन गरिएको छ। संघीय संरचना, स्थानीय तह, सरकार आफूहरुका निम्ति एउटा अवसरको रूपमा आएको बताउँदै उहाँले यस बीचमा आएका चुनौती पार गर्दै र सम्भावना आत्मसाथ गर्दै अगाडि बढिरहेको बताउनुहुन्छ अध्यक्ष घर्ती। यस पटक सुनिलस्मृति गाउँपालिकामा गरिएको विकास र उपलब्धिले यहाँका जनताले पुनः माओवादी केन्द्रलाई नै विजयी गराउने अध्यक्ष घर्तीको विश्वास छ।

# नौ अंक जोड्दै आर्मी शीर्ष स्थानमा

**काठमाडौं ।** त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद (राखेप) को कभर्डहलमा सम्पन्न छैटौं संस्करणको राष्ट्रिय महिला तथा पुरुष क्लब भलिबल लिग च्याम्पियनसिप अन्तर्गत पुरुषतर्फको खेलमा त्रिभुवन आर्मी क्लब जित हासिल गरेको छ।

राखेपमा भलिबल प्रतियोगितामा आर्मीले गल्कोट स्पोर्ट्स क्लबलाई ३-० को सोझो सेटमा पराजित गर्दै जित हात पारेको हो। प्रतियोगितामा जारी रहँदा आर्मीले लगातार तेस्रो जित हात पारेको हो। यसअघि आर्मीले एपीएफ क्लब र गण्डकी प्रदेशलाई पराजित गरेको थियो।

खेलमा आर्मी गल्कोटमाथि २५-१२, २५-११ र २५-२२ को सेटमा पराजित गर्दै विजयी भयो। जितसँगै आर्मीले तीन खेलमा नौ अंक जोडेर शीर्ष स्थान बनाएको छ। यता पराजित गल्कोटको भने यो लगातार तेस्रो हार हो।

लिगमा पुरुषतर्फ त्रिभुवन आर्मी क्लब, नेपाल पुलिस क्लब, एपीएफ क्लब, हेल्प नेपाल, गण्डकी प्रदेश, गल्कोट स्पोर्ट्स क्लब र ढोरपाटन क्लब रहेका छन्। विजेता टोलीले छ लाख नगद एवं उपविजेताले टोलीले तीन लाख रूपैयाँ प्राप्त गर्नेछ। त्यसैगरी प्रतियोगितामा तेस्रो स्थान हासिल गर्ने टोलीले एक लाख ५० हजार र चौथो हुनेले ७५ हजार रुपैयाँ प्राप्त गर्नेछ।

# भरतपुर महानगर : रेनुकै उम्मेदवारी किन ?

**चितवन ।** भौगोलिक रूपमा नेपाल ७५ जिल्लामा (हाल ७७ जिल्ला) वर्गीकृत हुँदा नै जिल्लास्थित भरतपुरलाई ७६ औं जिल्लाको नामले सबैले बुझ्ने गरेका छन्। गोरखा, लमजुङ, बागलुङ, पर्वत लगायत विभिन्न जिल्लाबाट सुगमता र सहजताको खोजी गर्दै भरतपुरमा बसोबास गर्न आउने गरेकाले पनि सो क्षेत्रलाई ७६ औं जिल्लाको उपमा दिन थालिएको हो।

बसाई बाक्लिने र नयाँ सहरमा परिणत हुँदा समेत बदलिँदो समयको गतिलाई भरतपुरले पक्डिन सकेको थिएन। पाँच वर्ष अघिसम्मको भरतपुरको दृश्य हेर्ने हो भने विकासमा यो सहर सुस्ताएको थियो।

नजिकका नयाँ शहरहरुले विकास र पूर्वाधारको क्षेत्रमा फड्को मारिरहँदा समेत भरतपुरसँग कुनै विकासको मोडेल थिएन। अव्यवस्थित शहर, नारायणी तटबन्धले वर्षेनी व्हहोनुपर्ने हैरानीले भरतपुरवासीलाई सधैं भैं बिफाइरहन्थ्यो।

विसं ०६४ जेठ १३ गते देखि २०७९ जेठ १४ सम्म उनि संविधानसभा सदस्य रहेकी रेणु दाहाल माओवादी केन्द्रको महिला संगठन अखिल नेपाल महिला संघ (क्रान्तिकारी) को महासचिवको जिम्मेवारी समेत सम्हालिसकेकी थिइन्।

उनले माओवादी केन्द्रको पोलिट व्युरो सदस्यको रूपमा पनि काम गरेकी अनुभव छ। युद्धकालमा उनी माओवादी आधारइलाकाको रूपमा रहेको रोल्पाको जिल्ला सहइन्चार्ज सम्मको जिम्मेवारीमा रहेही रेणुले काठमाडौंमा माओवादी केन्द्रको जिल्ला सचिवको जिम्मेवारीमा समेत सम्हालेकी थिइन्। त्यती मात्रै नभई उनले अखिल भारत नेपाली महिला संगठनको अध्यक्षको रूपमा प्रवासमा रहेर संगठन निमार्णमा खटिएकी रेणुले साबिकका भरतपुर क्षेत्र, नारायणी नगरपालिका, चितवन नगरपालिका र कविलास गाउँविकास समितिलाई गाभेर विसं २०७३ फागुनमा राज्य पुनर्संरचना आयोगले यस क्षेत्रलाई स्तरोन्नती गरेपछि यो भरतपुर महानगरपालिका बनेको हो। भरतपुर महानगरमा स्तरोन्नती त भयो। तर, महानगर हुनका लागि चाहिने प्रर्याप्त पूर्वाधारको विकास थिएन। त्यहीबीच महानगरको नेतृत्व गर्ने गरी माओवादी केन्द्रकी नेतृ रेणु दाहाल भरतपुर महानगरको मेयरमा निर्वाचित भएर आइन्।

जब रेणु महानगरको मेयरमा निर्वाचित भएपछि भरतले काँचुली फेर्न थालेको सबैले स्वीकारेकै कुरा हो। भरतपुर यतिबेला नेपालको सबैभन्दा तीव्र गतिले विकासको बाटोमा अगाडि बढिरहेको शहरहरूमध्ये एक हो। नारायणी नदीको तटमा अवस्थित रहेको यो सहर चितवनलगायत केन्द्रीय नेपालकै प्रमुख व्यापारिक केन्द्र बन्न पुगेको छ। राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजाअनुसार धेरै जनसंख्या हुने महानगरमध्ये भरतपुर तेस्रो नम्बरमा छ। हालै सार्वजनिक राष्ट्रिय जनगणनाको तथ्यांकअनुसार भरतपुर महानगरपालिकाको जनसंख्या ३ लाख ६९ हजार ३७७ छ।

विसं २०७४ अगाडीसम्म भरतपुरमा मानिसहरुको बसोबास बाक्लिएको मात्रै हो तर पूर्वाधार विकासको कुनै छेकछन्द नै थिएन। जब रेणु दाहालको हातमा भरतपुरको नेतृत्वमा आयो तब चितवनमा पूर्वाधार विकासको जगको रेखा कोरिएको हो। जनताले बाटो-घाटोको (सडक) पूर्वाधारलाई पहिलो प्राथमिकतामा राखेर कामको सुरुवात भयो र थिए। मेयर निर्वाचित भएर आएपछि रेणुको त्यहीबाट नुले त्यहीबाट आफनो कामको शुरुआत गरिन्।

चार वर्षको अवधिमा ६१० किलोमिटर सडक कालोपत्रे तथा ४५० किलोमिटर सडकमाउनी मेयर भएर आएपछि ग्राभेलको काम गरिन्। केन्द्रीय बसपार्कको स्तरोन्नतीमा उनले ध्यान खिचिन्। आफ्नै बाबु पुष्पकमल दाहाल (प्रचण्ड) माओवादी केन्द्रको अध्यक्ष तथा राष्ट्रिय राजनीतिको केन्द्रीय मियो रहेका बेला उनले केन्द्रीय बजेट र परियोजना पनि भरतपुरमा प्रसस्तै भित्र्याइन्।

संघीय सरकारको सहयोग तथा महानगरपालिकाको पहलमा नेपालकै सबभन्दा लामो ८८.६ किमि महानगरीय रिंगरोड ८ अर्ब २० करोडको लागत रहने गरी प्रारम्भिक वातावरणीय परीक्षणसहित विस्तृत परियोजना प्रतिवेदन नै रेणुले तयार पारिन्। त्यसपछि उनले सघन शहरी विकासबाट १० किमि, प्रदेश सरकारबाट ८.५५ किमि, सडक विभागबाट १२ कि.मि र महानगरबाट १० किमि गरी जम्मा ४०.५५ किमि. रिंगरोडको काम अगाडी बढाइन्। बाँकी ४८.०६५ किमि निर्माणको काम पनि अहिले अगाडि बढिरहेको छ।

पुल्चोकदेखि गोन्द्राङसम्म हरियाली सहितको ६ लेनको सडक फुटपाथ र सर्भिस ट्र्याक निर्माणको लागि उनले १ अर्ब ९८ करोड ७३ लाख रूपैयाँको लागतमा काम अगाडी बढाइन्। साथै उनले बाइपास ४ लेन सडक विस्तार एवं सतह ढल निर्माणको कार्य पनि अघि बढाइन्। त्यस्तै, हुलाकी सडकको १९ किमि विस्तार एवं स्तरोन्नति र भरतपुर-मेघौली-गोलाघाट को सहायक राजमार्ग खण्डको ८ किमि सडकको काम पनि सँगसँगै अगाडी बढाइन्।

यसले सडक पूर्वाधारको क्षेत्रमा रेनुले महानगरको रूपरंगै बदल्ने कोसिस गरिन्। अहिले भरतपुर महानगरको भित्री भित्री सडकहरु पनि पिच भएको छ। यसले चितवनको स्वरूप नै बदलेको छ।

राष्ट्रिय गौरवका आयोजना पाँचवर्ष अगाडीसम्म भरतपुरबासीको कल्पना मै थिएन। नारायणी टटबन्ध कसैले कल्पना नै गरेका थिएनन्। वर्षेनी त्यहाँ बजेट छुटिएएर त आउँथ्यो, तर त्यसले केही प्रभावकारी काम नै हुँदैनथ्यो। जति बजेट आउँथ्यो, त्यो बालुवामा पानी खन्याएको सरह मात्रै हुन्थ्यो।

न त्यसरी वर्षेनी आएको बजेटले कुनै दीर्घकालिन काम हुन्थ्यो, न तटबन्ध निर्माणकै तत्कालिन काम नै पनि पूरा हुन्थ्यो। तर नारायणी तथा राप्ती नदीको कटान तथा डुबानको दीर्घकालीन समाधानका लागि रेणु मेयर निर्वाचित भएर आएपछि उनले एउटा मोडालिटी तयार पारिन्। झण्डै ६ अर्बको हाराहरीमा —

क्रमशः अन्तिम पृष्ठमा

## मिल्यो...

मध्ये ३ महानगरपालिकाको मेयर कांग्रेसले तथा एक-एक महानगरपालिकाको मेयर माओवाद केन्द्र, एकीकृत समाजवादी र जनता समाजवादीले लिने सहमति गठबन्धनबीच यसअघि नै भइसकेको थियो ।

सोही सहमतिअनुसार काठमाडौं, ललितपुर र विराटनगर महानगरपालिकाको नेतृत्व कांग्रेसको भागमा परेको छ । कांग्रेसले काठमाडौंमा गणेशमान सिंहकी बुहारी एवं नेता प्रकाशमान सिंहकी श्रीमती सिर्जना सिंहलाई मेयरको उम्मेदवार बनाएको छ भने ललितपुरमा यसअघिकै मेयर चिरीबाबु महर्जनलाई फेरि मौका दिएको छ । त्यसैगरी, कांग्रेसले विराटनगरको मेयरमा नागेश कोइरालालाई उम्मेदवार बनाएको छ ।

माओादी केन्द्रको भागमा परेको भरतपुर महानगरपालिकामा यसअघिकै मेयर एवं अध्यक्ष प्रचण्डपुत्री रेनु दाहाल नै उम्मेदवार बनेकी छन् । गठबन्धनका तर्फबाट माधवकुमार नेपाल नेतृत्वको एकीकृत समाजवादीले मेयर पाएको पोखरा महानगरपालिकामा धनराज आचार्य उम्मेदवार बनेका छन् । गठबन्धनकै तर्फबाट बाबुराम भट्टराई-उपेन्द्र यादव नेतृत्वको जसपाले मेयर पाएको वीरगञ्ज महनगरपालिकाको मेयरमा राजेशमान सिंह उम्मेदवार बनेका छन् ।

यसअघि सत्तापक्षीय पाँचदलले आइतबार र सोमबार उम्मेदवारी दिँदा अधिकांश स्थानमा गरेको सहमतिको प्रयास सार्थक तुल्याउन सकेका थिएनन् । कतिपय स्थानमा बागी उम्मेदवार उठे भने केही स्थानमा गठबन्धनभित्रैकाले निर्णयविपरीत विपक्षी एमालेसँग तालमेलमा समेत उम्मेदवारी दर्ता गराएका थिए ।

यसैबीच गठबन्धनलाई कमजोर पार्ने षड्यन्त्र भइरहेको विश्लेषण गर्दै माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले सम्पूर्ण नेता-कार्यकर्तालाई त्यसतर्फ सचेत बन्न आग्रह गरेका छन् र चितवनमा आयोजित चुनावी सभालाई सम्बोधन गर्दै अध्यक्ष प्रचण्डले सबैको साथ सहयोग रहे मात्रै देश खतरामुक्त बन्नसक्ने टिप्पणी गरे र विसं २०४६ देखि कम्युनिस्ट र कांग्रेसबीच सहकार्य हुँदै आएको स्मरण गर्दै अध्यक्ष दाहालले भने- 'तपाईंहरुले अहिले पनि यो गठबन्धन राष्ट्रको आवश्यकता हो, गणतन्त्र र लोकतन्त्रको आवश्यकता हो, देशको विकास र समृद्धिको आवश्यक हो भन्ने नबुझेर हालिँदैन हँसिया हथौडामा भोट भन्नुभयो भने देश दुर्घटनामा जान सक्छ र'

गठबन्धनमा भागबन्डा मिलेसँगै चितवनमा आयोजित चुनावी सभालाई सम्बोधन गर्दै उनले यो जनताको आवश्यकता हो, विकास र समृद्धिको आवश्यकता हो भनेर चितवनबासी जनताले उत्साहपूर्ण ढंगले गठबन्धनका प्रतिनिधिलाई भोट हाले भने आफूले गरेको यो गठबन्धनलाई १०/१२ वर्ष लैजाने प्रतिबद्धता समेत पूरा गर्ने विश्वास दिलाए र वृहत शान्ति सम्झौतामा सहभागी भएका दलहरुबीचमै गठबन्धन भएकाले हरेक संकट टारेर आजको विन्दुसम्म आइपुगेको भन्दै उनले भने- 'तपाईंहरुको साथ र सहयोग भयो भने यो निरन्तर अघि बढ्छ र'


यसैबीच भरतपुर विमानस्थलमा सञ्चारकर्मीसँग संक्षिप्त कुराकानी गर्दै गठबन्धन आफ्नो काममा एकताबद्ध भएर अघि बढेको र आसन्न स्थानीय तहको निर्वाचनमा गठबन्धनै विजय हुने विश्वास व्यक्त गरे र

यसैबीच नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले मुलुकको हित र संविधानको रक्षाका लागि पाँच दलीय गठबन्धन बनेका प्रष्ट पार्दै कुनै दलसँग डराएर गठबन्धन दलबीच तालमेल नभएको बताए र नवलपरासीको बर्दघाट सुस्ता पश्चिमस्थित सुनवलमा आयोजित कांग्रेस र माओवादी केन्द्रको संयुक्त आमसभामा बोल्दै समाजको हितलाई सम्झेर स्थानीय निर्वाचनमा मतदान गर्न आग्रह गरे ।


स्थानीय तह सदस्य निर्वाचन, २०७९

मतदान हुने मिति: वैशाख ३० गते शुक्रबार
मतदानको समय: बिहान ७ बजेदेखि अपरान्ह ५ बजेसम्म

सामाजिक संजालमा केही कुरा सेयर गर्नु अघि सावधान रहौं।



झुटो, भ्रामक वा हानिकारक सूचनाले निर्वाचन प्रतिको निष्ठामा हानी पुऱ्याउन सक्छ।

स्रोतलाई ध्यान दिने
शीर्षकमाथि नपढ्ने
मिति ठीक छ/छैन हेर्ने
ठट्टा वा व्यङ्ग्य त होइन?
लेखकका बारेमा पत्ता लगाउने
प्रकाशित समाचारको स्रोत हेर्ने
पूर्वाग्रही नहुने
विज्ञसँग सोध्ने

नेपाल सरकार
विज्ञापन बोर्ड


## विप्लव...

नीति र आधारभूत सिद्धान्तकै विपरीतका गतिविधि जारी राखेका थिए । केन्द्रीय सचिवालयका नेताहरू हेमन्तप्रकाश वली 'सुदर्शन' र धर्मेन्द्र बाँस्तोला 'कञ्चन' तथा सल्लाहकार सिमिका सबै नेतासहित केन्द्रीय समितिका बहुमत सदस्यहरूले पार्टीका सिद्धान्त, नीति, कार्यक्रम र निर्णयहरू अनुशरण गर्न दबाव दिँदै आए तापनि विप्लवहरूले आफ्ना 'स्खलनयुक्त' र 'विचलनकाारी' गतिविधि सच्याउने कुनै प्रयास गरेनन् । र, अन्ततः विप्लवले उनै सुदर्शन र कञ्चनहरूमाथि नै 'कारबाही' को डण्डा उज्याए र पार्टीलाई विभाजित-विघटित गराएरे छाडे ।

'हाम्रो जनप्रिय पार्टीको ऐतिहासिक बाह्रो पूर्ण बैठकले राजनैतिक प्रस्तावसहित सबै निर्णयहरू एकमतले गरेको थियो' विप्लवको विज्ञप्तिमा भनिएको छ- 'अपसोच सचिवालय सदस्य सुदर्शन र कञ्चनले त्यसपछि लगातार मालेमावादको सामान्य संगठनात्मक विधि एवं मान्यता एवं एकीकृत जनक्रान्तिको भावना विपरीत बैठकका निर्णय र नेतृत्वका विरुद्ध बाहिरका सञ्चारमाध्यमहरूमा छाडा एवं अराजक तरिकाले अन्तरवार्ता दिने, कार्यकर्तामाझ नाङ्गो गुटबन्दी गर्ने र पार्टीका सबै मूल्यमान्यता भत्काउने कार्य गर्नुभयो ।'

नेतृत्वको संयमता र उदारतालाई नेताद्वयले कमजोरीको रुपमा लिएको आरोप लगाउँदै चन्दले विज्ञप्तिमा भनेका छन्-काठमाडौंमा सचिवालयका कमरेडहरू बीच दुई पटक बसेर पार्टीका पारित निर्णयहरूको रक्षा गर्ने, आफ्ना कुनै विमति भए पार्टीभित्रै कमिटीमा राख्ने भन्ने निर्णय गरियो । तर निर्णय बाहिर नपुर्दै पुनः उहाँहले विरोधी सञ्चारमाध्यमा फूटपरस्त एवं अराजक अन्तरवार्ता दिने कार्य जारी राख्नु भयो । तै पनि तत्कालको जटिल परिस्थितिमा पार्टी एकतामाा बाधा नपरोस भनेर नेतृत्वले संयमता अपनायो तर नेतृत्वको संयमता एवं उदारतालाई कमजोरीको रुपमा पकडेर आज सचिवालय सदस्य कञ्चनले कुनै समर्पक नै नगरी सचिवालयको सदस्यको नामबाट वक्तव्य जारी गर्दै पार्टीले स्थानीय चुनावमा पठाएका देशभक्त, जनवादी स्वतन्त्र उम्मेदवारहरूलाई सहयोग गर्नुको सट्टा चुनावबाट फिर्ता हुनुपर्ने नभए कारबाही गर्ने जस्ता हदै गैरजिम्मेवार एवं हास्यास्पद वक्तव्य निकालेपछि स्थिति एकदमै गम्भीर बन्न पुग्यो ।'

पार्टीभित्रका आन्तरिक मामलालाई स्थानीय चुनावसँग जोडेर सदर्शन र कञ्चनले निमित बहानाको विषय बनाएको आरोप लगाउँदै विज्ञप्तिमा भनेका छन्- 'सुदर्शन र कञ्चनले आफ्ना नमिलेको विषय स्थानीय चुनाव भएको बताए रपनि यो निमिय एवं बहानाको विषय मात्र हो । यो समस्याको चुरोकुरा प्रतिबन्धभन्दा अगाडि मध्ये कमाण्डमा हुँदादेखि नै क. शुदर्शसँग संगठनात्मक एवं आर्थिक मामिलाम नमिलेका र संघर्ष भएका विषय थिए । सुदर्शन जेल हुँदा पनि उहाँ गिरफ्तार हुनुको मूल कारण पनि उहाँले नै पार्टीको सुझाव विपरित नजिक राखेका मान्तेले गर्दा हो भन्ने विषयमा गम्भीर छलफल भए । त्यसैगरी कमरेड कञ्चनसँग पनि पार्टी संगठनका जिम्मेवारी, राजनैतिक कार्यनीतिका विषयमा गम्भीर छलफल चलेको थिए र केही विषयमा मेल खाएको थिएन । तर हाल आएर चुनावको विषय देखाएर पार्टी संसदवादमा फसेको तर्क उराल्नु भएको छ । यो एकदमै गलत तर नियोजित प्रचार मात्र हो ।'

सोही विज्ञप्तिमा नेताद्वयले पूरै रकमी एवं अवसरवादी कुतर्क गरेको आरोप लगाउँदै उल्लेख गरिएको छ- 'उहाँहरूलाई सही लाग्दासम्म चुनाव र राष्ट्रपति संसदवादी नहुने क्रान्तिकारी हुने तर आफ्ना सोचहरू नमान्दा पार्टीले कार्यनीतिका रुपमा चुनावलाई 'पार्टी दर्ता गरेर उपयोग नगर्ने तर एमसीसी तथा राष्ट्रघात विरोधी देशभक्त, जनवादी प्रतिनिधिहरूलाई सहभागी बनाउने र सहयोग गर्ने' भन्दा संसदवादी हुने यो मार्क्सवादको विश्लेषण हुन्छ ? यो पूरै रकमी एवं अवसरवादी कुर्तक बाहेक केही हुँदैन ।'

सदर्शन र कञ्चनले पार्टीमा वितण्डा मच्चाएको आरोप लगाउँदै अनिश्चित कालका लागि पद मुक्त गरेको सोही विज्ञप्तिमा उल्लेख छ- 'सुदर्शनजी र कञ्चनजीले मच्चाएको बितण्डा एवं कञ्चनजीले अगल केन्द्रका रुपमा वक्तव्य निकालेपछि लगतै संचिवालयका कमरेडहरूसँग छलफल गरियो । सबैतिरका सुझाव एवं सुदर्शन र कञ्चनका गल्तीहरूको प्रकृति हेर्दा उहाँहरू निकै पर पुगिसकेको, विभिन्न बैठक एवं भेला समेत गर्दै हिँडेकोले पार्टी विधान अनुसार दुवै जनालाई अनिश्चित समयका लागि सम्पूर्ण जिम्मेवारीबाट मुक्त गरिएको जानकारी गराइन्छ ।'

सदर्शन र कञ्चनहरूलाई विभिन्न तत्वहरूको उक्साहट लागेको तथा उनीहरू आ-आफ्नै अराजकतावादी, अवसरवादी, विचलनवादी गतिविधिका कारण यो कारबाही गर्न बाध्य भएको चन्दको दावी छ ।

## भरतपुर...

अहिले नारायणी तथा राप्ती नदी नियन्त्रणको काम अगाडि बढिरहेको छ । यसले एउटा व्यवस्थित जग निर्माण भएको छ । त्यस क्षेत्रका जनताले आय आम्दानीको अतिरिक्त स्रोतको खोजी गर्न पनि पाएका छन् । नारायणीमा अहिले ऱ्याफटिङ लगायतका लागि भीड नै लाग्छ मान्छेहरुको ।

पर्यटनको क्षेत्रमा ठूला-ठूला लगानीका होटल भरतपुर क्षेत्रमा अहिले भित्रिरहेका छन् । मेघौली, पटयानी, जगतपुर, गोलाघाट जस्ता ठाँउहरुमा पर्यटन पूर्वाधारको विकास भएको छ । कविलास गढीहरुमा नयाँ-नयाँ होटलहरु खुलेका छन् ।

एकातिर यसले रोजगारीको सिर्जना गरेको छ भने अर्कोतिर ठूला लगानीहरु चितवनमा भित्रिएका छन् । जुन पाँचवर्ष अगाडी उभिएर सोच्दा यसको कल्पना सायदै चितवन भरतपुरबासीले गरेका थिए । यो बीचमा भरतपुरमा कृषि विश्वविधालय नै बनेको छ । प्राविधिक क्षिक्षा, वैकल्पिक शिक्षा त भनिन्थ्यो, तर त्यसभित्र के गर्ने ? विकल्प थिएन पहिले । तर अहिले विकल्पसहितको कृषि विश्वविधालय भरतपुरमा छ ।

शैक्षिक संस्थाहरु सुधारिएका र फेरिएका छन् । चारवर्षको अवधिमा भरतपुर महानगरपालिकाले यस क्षेत्रमा अनुकरणीय अभ्यासको थालनी गरेको छ । आधारभूत तहका विद्यार्थीको सिकाइ उपलब्धि २०७५ मा ५६.४७५ बाट वृद्धि भई शैक्षिक सत्र २०७७ मा ५.५३५ ले बृद्धि भई ६२५ पुगेको छ । यो पछिल्ला वर्षहरुमा पनि लगातार बृद्धि भईरहेको छ ।

उनकै कार्यकालमा कुल साक्षरता दर ९८. ५ प्रतिशत पुगेको छ । नमुना विद्यालयहरु स्थापना भएका छन् । शिक्षासँग सिकाइ जोडिएको छ । 'हाम्रो गौरव हाम्रो भरतपुर' विषयसँग सम्बद्ध स्थानीय पाठयक्रम महानगरपालिकाले लागू गरेको छ ।

शैक्षिक गुणस्तर अभिबृद्धिका लागि प्रत्येक वडामा एक नमुना विद्यालय विकासको कार्य महानगरले गरेको छ । संस्थागत विद्यालयहरुको साझेदारीमा २३९ जना विद्यार्थीहरुलाई मेरिट बेसमा पूर्ण छात्रवृत्ति प्रदान गर्ने काम महानगरले गरेको छ । भरतपुर बालमन्दिरमा अटिजम विशेष विद्यालय स्थापना गरी सबै प्रकारका बालबालिकाहरूलाई शिक्षामा पहुँचको सुनिश्चितता गरेको देखिएको छ । शिक्षामा नवप्रवर्तन भिदन्याउन स्टेम एजुकेशन कार्यक्रमको थालनी महानगरले गरेको छ ।

महानगरपालिकाको आन्तरिक आयको १२.५ प्रतिशत बजेट शिक्षा क्षेत्रको विकासका लागि विनियोजन गरिएको छ । एमबीबीएस पढ्ने भरतपुरका विद्यार्थीले लभगभ ४० हजार छात्रवृत्तिमा पाउने व्यवस्था महानगरले मिलाएको छ । छात्रालाई स्कुल आवतजावतका लागि साइकलको व्यवस्था महानगरले गरेको छ । मेयरसँग छात्रा कार्यक्रम त्यसमा जोडिएको छ । कतिपय ठाँउमा स्कुल बस थिएनन् । महानगरले नै स्कुल बसको व्यवस्थापन समेत गरेको छ ।

बोडिङ सरह पढाई गर्ने भनेर अंग्रेजी माध्यममा नमुना विधालय छनौट गरेर पढाई शुरु भएको छ । पश्चिम चितवनको मेघौलीमा रहेको सरस्वती मावि जस्ता विद्यालयलाई स्मार्ट विद्यालयका रूपमा घोषणा गरिएको छ ।

पाँचवर्ष अगाडीको तुलनामा योबिचमा झण्डै ६ हजार बढी विद्यार्थीहरु सामुदायिक विद्यालयमा बढेका छन् । अहिले करिव ४२ हजार विद्यार्थी भरतपुरमा सामुदायिक विद्यालयमा अध्ययन गर्ने गरेका छन् । यसले गुणस्तरीय शिक्षाका लागि महानगरले दीर्घकालिन सोच राखेर कसरी काम गर्न खोजेको छ ? भन्ने रूपरेखा झल्काएको छ ।

पर्यटकीय नगरी सौराहमा सिटि हल बनिरहेको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सभा/सम्मेलनहरू गर्न र यसमार्फत पर्यटकीय आर्थिक गतिवधिमा बढोत्तरी ल्याउन सिटी हल बनाउने कार्य अनुरूप महानगरपालिकाको पहल एवं शहरी विकास मन्त्रालयबाट १ अर्ब ८५ करोड रूपैयाँको लागतमा सिटी हलनिर्माण कार्य द्रुत गतिमा अघि बढेको छ ।

अन्तराष्ट्रिय क्रिकेट मैदन निर्माणको काम महानगरपालिकाले अगाडी बढाइहेकै छ । यति मात्रै होइन, भरतपुर कृषि क्षेत्रमा पनि अहिले फेरिएको छ । किसानलक्षित गरी प्रतिलिटर ३ रूपैया अनुदान दिने व्यवस्था गरिएको छ । यो खालको अनुदान दिने व्यवस्था सम्भवत नेपालमै पहिलो हो । विगत वर्षमा कृषि सहकारीहरुलाई ६ वटा ट्याक्टर, ४ वटा बीउ प्रशोधन मेसिन, १ वटा धान रोप्ने मेसिन र १ वटा कम्बाइन हारवेस्टर वितरण महानगरले गरेको छ ।

आपतकालिन भवन महानगरले बनाएको छ । पहिले बाढी आउँदा बस्ने ठाँउ थिएन । तर अहिले विपदको बेला बस्न काम लाग्ने गरी आपतकालिन भवन महानगरपालिकाले रेणु मेयर भएपछि नै बनाएको छ । महानगरपालिकाभित्र साना-ठूला गरी तीन अर्ब ७७ करोडको लागतमा २४ वटा आयोजनाहरू निर्माणाधीन अवस्थामा छन् । यी आयोजनाहरू सम्पन्न हुँदा भरतपुरमा सत प्रतिशत शुद्ध पिउने पानीको पहुँच स्थापित हुने देखिएको छ ।

भरतपुर अस्पतालमा सुविधा सम्पन्न बिरामी कुरुवा घर निर्माणभएको छ । जुन अहिले हस्तान्तरण समेत भईसकेको छ । भरतपुर १४ को शिवनगर स्वास्थ्य केन्द्रमा एक्सरे सेवासहित १५ शैय्या र शारदानगर स्वास्थ्य चौकीमा १५ शैय्या क्षमताको कोभिड अस्पताल स्थापना गरी सञ्चालन गरिएकोमा सोको क्षमता विस्तार गरी नगरस्तरीय अस्पतालको रूपमा स्तरोन्नति गरिने योजना महानगरले अहिले बनाएको छ । त्यस्तै, शिवनगरम ५० शैय्याको आयुर्वेदिक अस्पताल सञ्चालन हुने चरणमा छ ।

रेणु महानगर मेयर निर्वाचित भएर आएदेखि यो पाँचवर्षको अवधीमा ४० वटा स्वास्थ्य संस्था स्थापना महानगरपालिकाले गरेको छ । जसमध्ये ५ वटा भवन निर्माण सम्पन्न भएको र ८ वटा भवन निर्माणाधीन अवस्थामा छ ।

### *को हुन् रेनु दाहाल*

भट्ट बुझ्दा रेनु दहाललाई नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'को छोरीका रूपमा चिनिन्छ । तर उनको पहिचानलाई नै मारेर प्रचण्डको छोरी भएकै कारण राजनीतिमा चार्मिक भएको भनेर परिचित गराईनुमा उनि प्रति अन्याय हुने देखिन्छ । किनभने रेणुले आफ्नो इमान र प्रतिष्ठाका लागि धेरै संघर्ष र योगदान गरेको उनको प्रोफाइल गहिरो गरी अध्ययन गर्दा देखिन्छ ।

उनको जन्म विसं २०३३ साल असार २६ गते भएको थियो । उनी राजनीति बुझ्ने भएदेखि नै कम्युनिस्ट राजनीतिमा लागिन् । दस वर्षे माओवादी जनयुद्धका क्रममा उनी बाबु प्रचण्ड जस्तै भूमिगत भएर काम गरिन् । जनयुद्ध कालमा उनले प्रवास तथा देशको विकट ग्रामिण क्षेत्रमा संगठनात्मक रूपमा नेतृत्वदायी भूमिकामै रहिन् । उनी भरतपुरको मेयरमा टपक्कै टिपेर ल्याइएकी पात्र भने होइनन् । भरतपुरको मेयर हुनुपुर्व नै उनी संविधान सभा सदस्य भइसकेकी थिइन् ।

प्रकाशकः कोसेली मिडिया सपोर्ट प्रा.लि. सम्पादक : सानु राय (गौतम) [९८४९६००२०९] बजार व्यवस्थापक : माधवप्रसाद न्यौपाने [९८४६५२८५०२]
कार्यालय : जोरपाटी, काठमाडौं फोन : ९८४७३९५३८६ इमेल : janajibro.news@gmail.com वेबसाइट : www.janajibro.com मुद्रण : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं